Jana Aakash
National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- ३३, २०८२ साल चैत ३ गते मंगलबार (March 17, 2026) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# अमेरिकाको तेलमा आखाँ
## खाडी मुलुक आगोमा परिणत



अमेरिका र इजरालले मिलेर इरानमा आक्रमण गरी इरानका सर्वोच्च नेता आयतोल्ला अली खामेनी लगायत उच्च पदस्थ व्याक्तिहरुलाई मारिदिएपछि ईरानद्धारा आफ्नौ सर्वभौमसत्ता सम्पन्न राष्ट्रमाथि आईपरेको आक्रमणको प्रतिउत्तरमा ईरानले पनि इजराल र अमेरिकाको सेना बसेका देशहरु बराइन, साउदी, दुवै, कतार, कुवेतमा भारी बम वर्षा गरिरहेको छ । भने अमेरिकी सेना र इजराललले ईरानमाथि ठुल ठुला बमहरु प्रहार गरेर मानिसहरु मारिरहेको छ ।

इरानले पनि प्रत्यक्रण गर्दा थुप्रै इजराली सेना तथा इजराली जनता मरेका छन् ।

मध्य पूर्वी एसिया क्षेत्रमा बमले आकाशमा आगोको राको बलिरहेको छ। त्यो आगोको लप्काले खाडी मुलुकमा रहेका मानिसहरु आतंकित छन् । हजारौ बलमे उडाएर काहा पुऱ्याईसकेको छ । भने हजारौ हजार भग्नावषेश भित्र पुरिएका छन् । कुनै लेखा जोखा छैन ।

यो सवै हुनुको अगाडी प्रष्ट देखिने गरी अमेरिकाले इरानको तेलमा आखाँ लगाएको देखिन्छ । दोस्रो विश्वयुद्ध पछि अमेरिकाले त्यतिवेला नै इरानको तेलमा अमेरिकन कम्पनी स्थापना गरेर तेलको ब्यापार गर्न चाहान्थ्यो । तर इरानले अमेरिकाको प्रस्ताव त्यतिवेल देखि अस्वीकार गर्दै आएको थियो ।

इरानका छिमेकी राष्ट्रहरुमा पनि तेल भएको हुनाले अमेरिकाले ति देशहरुमा अमेरिकन सैनिक वेस क्याम्प नै स्थापना गरेर तेलको सुरक्षा र विश्व बजारमा आफ्नो आयाआर्जन गर्दै आएको देखिन्छ । विश्वको तेल उत्पादन गर्ने देशहरु मध्य इरान पनि तेल प्रशस्त भएको देश भएको हुनाले तेल बेचेर नै धनी राष्ट्रको रुपमा र पछिल्लो बाध्यकारी परिस्थितिले युद्धको लागि शक्ति निर्माण गरेको देखिन्छ ।

इरानलाई अमेरिका र इजराल मिलेर आक्रमण गर्दा एक्लै

» बाकी ६ पृष्ठमा

# जिल्ला प्रशासन कार्यालय काठमाडौंमा प्रधानमन्त्री र गृहमन्त्रीको अनुगमन



**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्की र गृहमन्त्री ओमप्रकाश अर्यालले जिल्ला प्रशासन कार्यालय, काठमाडौंको सेवा प्रवाहस्थितिबारे प्रत्यक्ष अनुगमन गरेका छन् ।

नागरिकले पाउने सरकारी सेवालाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने उद्देश्यसहित जिल्ला प्रशासन कार्यालयको आकस्मिक निरीक्षण गरेका हुन् ।

अनुगमनका क्रममा प्रधानमन्त्री कार्कीले सेवाग्राहीका गुनासाहरू प्रत्यक्ष रूपमा सुन्नुका साथै त्यहाँ कार्यरत कर्मचारीहरूलाई छिटोछरितो र झन्झटरहित रूपमा सेवा प्रवाह गर्न निर्देशन दिइन् ।

सोही अवसरमा गृहमन्त्री ओमप्रकाश अर्यालले प्रशासनको कामकारबाहीलाई थप पारदर्शी बनाउनुपर्नेमा जोड दिए ।सेवाग्राहीलाई दुःख दिने विचौलियाहरूको अन्त्य गर्न मन्त्रालयले शुन्य सहनशीलताको नीति अपनाएको र त्यस्ता गतिविधिमा संलग्न जो कोहीलाई कडा कारबाही गरिने चेतावनी गृहमन्त्री अर्यालको थियो ।

# महावीरको टिप्पणी : प्रधानमन्त्रीले आफ्नै स्वकीयलाई दिएको नियुक्ति १०० प्रतिशत गलत



**काठमाडौं–** पूर्वमन्त्री एवं नवनिर्वाचित स्वतन्त्र सांसद महावीर पुनले प्रधानमन्त्री कार्कीले गरेको नियुक्ति गलत भएको भन्दै सच्याउन सुझाव दिएका छन् ।

निर्वाचन गराएर बाहिरिने बेला प्रधानमन्त्री कार्कीले आइतबार मात्रै आफ्नै प्रमुख स्वकीय सचिव आदर्श श्रेष्ठलाई राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्ष नियुक्त गरेकी थिइन् । यसअघि पनि विवादमा तानिएका श्रेष्ठलाई प्रधानमन्त्रीले आकर्षक नियुक्ति गरेपछि पुनः विवाद भएको छ । यसै सन्दर्भमा टिप्पणी गर्दै सुशीला कार्कीकै क्याविनेटमा मन्त्री भएका पुनले १०० प्रतिशत गलत काम भएको बताएका हुन् ।

'प्रधानमन्त्रीज्यूले राषट्रिय प्रकृति संरक्षण कोषको कार्यकारी प्रमुखको पदमा आनै स्वकीय सचिव आदर्श श्रेष्ठलाई

» बाकी ६ पृष्ठमा

# दोषीलाई कारबाही गर्न इनिशा विकका परिवारको माग



काठमाडौं- सुर्खेतकी इनिशा विक हत्या सम्बन्धी घटनाको शीघ्र छानबिन गरी संलग्न दोषीलाई कानुन बमोजिम कारबाही गर्न पीडित परिवारले माग गरेको छ ।

पीडित परिवारकोतर्फबाट इनिशा विकका दाई चन्द्र बहादुर विक र तपेन्द्र विकले सोमबार गृहमन्त्री ओमप्रकाश अर्याललाई भेटगरी घटनाको सत्यतथ्य सार्वजनिक सार्वजनिक गरी दोषीलाई कानुनी दायरामा ल्याई पीडितलाई न्याय दिलाउन आग्रह गरेका हुन ।

साथै यस्ता प्रकारका महिला तथा बालबालिकामाथि हुने यौन हिंसा तथा जघन्य अपराधका घटनाहरु दोहोरिन नदिन तथा न्यायको सुनिश्चितता

» बाकी ६ पृष्ठमा

# श्रम नवीकरण रोकिँदा श्रमिक अलपत्र

**काठमाडौं –** मध्यपूर्व क्षेत्रमा बढ्दो द्वन्द्वको असर नेपाली श्रमिकमा प्रत्यक्ष देखिन थालेको छ। सरकारले १२ खाडी तथा पश्चिम एसियाली देशमा श्रम स्वीकृति र नवीकरण अस्थायी रूपमा रोकेपछि बिदामा घर आएका सयौं श्रमिक अलपत्र परेका छन्।


श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ले सुरक्षा संवेदनशीलता जनाउँदै फागुन १७ गते मन्त्रीस्तरीय निर्णयमार्फत साउदी अरेबिया, यूएई, कतार, कुवेत, बहराइन, ओमान, इराक, यमन, जोर्डन, लेबनान, टर्की र इजरायलका लागि श्रम स्वीकृति स्थगन गरेको हो।

बिदामा नेपाल आएका धेरै श्रमिक काममा फर्किने तयारीमै थिए। तर श्रम स्वीकृति नवीकरण बन्द हुँदा उनीहरू निर्धारित समयमा गन्तव्य मुलुक फर्किन सकेका छैनन्।

करारअनुसार काममा नफर्किए सेवा-सुविधा गुम्ने जोखिमले उनीहरू थप चिन्तित बनेका छन्।

विदेशमा कार्यरत नेपाली कामदारहरू पनि नवीकरण रोकिँदा अन्योलमा छन्। यूएईमा रहेका एक श्रमिकले सामाजिक सञ्जालमार्फत गम्भीर

» बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ३३,
२०८२ साल चैत ३ गते मंगलबार
17 MARCH 2026, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुँदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

# कुरा बन्द गर, कृषिमा परिवर्तन ल्याउ

नेपाल देश कृषिप्रधान देश भनेर रटाई रटाई पढाउने गरिन्छ । तर नेपालले वार्षिक अरबौ रूपैयाको खाद्यन्न आयात गरेर उपभोग गर्नुपरेको तितो यर्थाथ सवैलाई जगजाहेर नै छ ।

चोकमा ठुला ठुला भाषण गरेर मञ्चमा भेला बालाएर कृषकको कुरा गर्ने कुरौटेहरूले कृषिको विकास गर्न सक्दैनन् भन्ने चेत खुल्नुपर्ने हो । तर नेपालमा हालसम्म त्यस्तो चेत आम नागरिकमा पनि खुलेको देखिदैन । परातन तरिकाले खेतीपाती गर्ने र त्यसैमा रमाउने सरकारले पनि देशको भुबनौट अनुसारको नीति तर्जुमा नगर्ने गर्नलाई खोजेमा पनि एउटै योजनालाई लम्बेतान समय लगाएर झुलाउने जस्ता प्रबृति देखिदै आएको छ ।


त्यसकारण नेपालमा कृषिको सम्भावनालाई कुरावाट होइन नीतिगत रूपमा भूमि सरकारको मातहतमा हुने र जसले व्यवसायिक कृषिको अवधारणा यिएर उपयुक्त योजना जस्ले कृषिको मोडल पेस गर्छ उसैलाई सरकारले दिनपर्ने सुविधाहरू दिएर नेपालमा कृषिलाई अगाडी बढाउन सक्नुपर्छ ।

बृहत कृषि प्रणाली लागु गरेर लाखौ मानिसहरू नेपालमा कृषि रोजगारको रूपमा काम गर्न सकुन् । त्यसको लागि कम्पनीस्तरको कृषि आवश्यक छ । यस्तो अवधारण लिएर कृषिको शुरूवात गर्नसक्नुपर्छ ।

चोक चोक बसेर ठूला ठूला भाषणले कृषकको खेतमा बिरूवा उम्रीदैन । फल फल्दैन । फल फलाउनलाई पहिला बिरूवा रोप्नुपर्छ । गोलमेल गर्नुपर्छ । उन्नत जातको बाली लगाउन प्रशिक्षण लिनुपर्छ । सिचाई नहर बनाउनुपर्छ । उत्पादन गरेपछि सुरक्षित राख्नको लागि भण्डारण (स्टोर) व्यावस्थापन गर्नुपर्छ । तवमात्र कृषिवाट नेपाली नागरिकहरूले कृषिप्रधान देशको रूपमा गर्व गर्ने ठाउँ हुन्छ ।

त्यसकारण कुरा गर्न छोडेर आधुनिक कृषिको थालनी गर्न सरकारले स्पष्ट नीति बनाउनुपर्छ । स्पष्ट कृषि नीति बनेपछि नागरिकले ढुक्क भएर कृषिको माध्यमवाट समृद्ध देश बनाउन कर्म गर्न थाल्छन् । यस्तो वातावरण बनाउन सकियो भने नेपाल कृषिप्रधान देशको प्रतिष्ठालाई पुनः जाग्रित गर्न सक्छौ ।

# दुष्प्रचार र मिथ्या सूचना- बन्दुक र तरबार



■ कपिल काफ्ले

अध्यक्ष ओलीको अधिनायकवादी चरित्र, खलनायकी अभिमान र भयानक पदलोलुपताको प्रचार भयो । अध्यक्ष ओलीको कमजोर पक्ष उजागर भइरहेको साइबर सेनाले पत्तै पाएन । सामाजिक सञ्जालमा अध्यक्ष ओलीका जति भिडियो आए, ती सबै एमालेका लागि घातक र नयाँ शक्ति रास्वपाका लागि फलिफाप साबित भए । ओलीले झुक्किएरै भए पनि सहिष्णुता र सद्भावका शब्दहरु अवश्य बोलेका थिए होलान्, तर साइबर सेनाले त्यसलाई उजागर गर्न जानेन । नेपालमै श्रीराम जन्माउने ओली रामजीकै बाटोमा लागेर सुनको मृगको पछि-पछि दौडिन थालेपछि सत्तारुपी सीताको अपहरण नहुने कुरै थिएन ।

प्रतीक्षाका प्रधानमन्त्री बालेन्द्र साहलाई भारत, पाकिस्तान र भुटानका प्रधानमन्त्रीहरुले डिजिटल सञ्चारमाध्यमबाट बधाई दिए । बालेनले जबाफ पनि सोही माध्यमबाट फर्काए । दुई देशका सम्बन्ध बन्ने र बिग्रने कारण पनि डिजिटल माध्यम हुन सक्दोरहेछ भन्ने प्रमाणित भयो । त्यसैले प्रसन्नता मात्र बढेन, डर पनि बढ्यो । डर किन बढ्यो भने, यस्ता माध्यमको दुरुपयोग भयो भने दुई देशको मित्रता दुश्मनीमा परिणत हुन पनि समय लाग्ने रहेनछ । देश-देशबीचको कूटनीति बिग्रिने रहेछ । यो आफैँमा गम्भीर विषय भएन त ?

समय कस्तो आयो भने, डिजिटल माध्यमलाई जसले सदुपयोग गऱ्यो उसले प्रतिनिधिसभामा दुई तिहाइ बहुमत ल्यायो, जसले त्यसो गर्न सकेन उसको हरिबिजोग पराजय भयो । राष्ट्रिय स्वतन्त्र पार्टी दलीय संगठनको इतिहास नभए पनि डिजिटल माध्यमलाई सदुपयोग गरेका कारण आज एकमना सरकार बनाउने अवस्थामा पुगेको छ । नेकपा एमाले जसले डिजिटल माध्यमलाई साइबर सेना खडा गरेरै वशमा पारेको छु भन्ने ठानेको थियो, उसले सही बाटो समाउन सकेको रहेनछ, सामाजिक सञ्जाललाई सदुपयोग गर्न सकेको रहेनछ । उसले आफ्ना अध्यक्ष केपी शर्मा ओलीका बोलीहरु जति प्रचार गऱ्यो, त्यसमा जति लाइक र कमेन्ट बढायो उति ऊ अलोकप्रिय हुन पुग्यो, किनभने अध्यक्ष ओलीको अधिनायकवादी चरित्र, खलनायकी अभिमान र भयानक पदलोलुपताको प्रचार भयो ।

अध्यक्ष ओलीको कमजोर पक्ष उजागर भइरहेको साइबर सेनाले पत्तै पाएन । सामाजिक सञ्जालमा अध्यक्ष ओलीका जति भिडियो आए, ती सबै एमालेका लागि घातक र नयाँ शक्ति रास्वपाका लागि फलिफाप साबित भए । ओलीले झुक्किएरै भए पनि सहिष्णुता र सद्भावका शब्दहरु अवश्य बोलेका थिए होलान्, तर साइबर सेनाले त्यसलाई उजागर गर्न जानेन । नेपालमै श्रीराम जन्माउने ओली रामजीकै बाटोमा लागेर सुनको मृगको पछि-पछि दौडिन थालेपछि सत्तारुपी सीताको अपहरण नहुने कुरै थिएन ।

रास्वपाले आफैँ आश्चर्यमा पर्ने गरी जो मत हासिल गऱ्यो, त्यो उसका हरेक उम्मेदवार एकसेएक सक्षम भएकाले होइन । परीक्षामै नबसेका उम्मेदवारलाई कसरी सक्षम भन्न सकिन्थ्यो र ! तर, केपी ओली र अन्य पुराना राजनीतिक दलका नेताहरुको छवि दिन-प्रतिदिन अधिनायकवादी, अनुदार र घमण्डी देखिएका कारण मतदाताहरु रास्वपातिर लागेका हुन् । खासगरी बालेनको व्यवहार, शैली र भ्रष्टाचारविरोधी अडानप्रति आम जनता मोहित भए । १४ वर्ष जेल बसेबापत त्यसको दुगुना २८ वर्ष ओलीलाई नेतृत्वको शिखरमा राखे, प्रधानमन्त्री बनाए । उनलाई नोक्सानमा पारेर जनताले गलहत्याएका होइनन् । हिसाब गरेर हेर्दा पुराना दलहरु लाभमै छन्, देश र जनताले नोक्सान खेप्नुपऱ्यो, त्यो बेग्लै कुरा हो ।

प्रतीक्षाका प्रधानमन्त्री बालेनले परिस्कृत राजनीतिक संस्कार देखाएका छन्, पुराना दललाई गाली नगर्ने, आफ्ना कार्यक्रम प्रस्तुत गर्ने, नमस्कार गरेर मञ्चबाट ओर्लने । एक स्थानीय निकायका मेयर बालेनलाई ओली र उनको पार्टीले कति खेदेको थियो, सरकारमा रहँदा बालेनले भनेको प्रमुख प्रशासकीय अधिकृतसम्म नदिएर हेप्नसम्म हेपेको होइन ! झापा विद्रोहबाट बनेका, १४ वर्ष जेलमा जमेका र लामो राजनीति गरेका प्रधानमन्त्री ओलीले नातिसरहको बालेनमाथि ज्यादती गरेको होइन ! यस्तै ज्यादती रवि लामिछानेमाथि पनि भएका कारण जनताले त्यसको उपचार दिए, निर्वाचनमा भारी मतले विजयी गराए । अति गर्नु, अत्याचार नगर्नू भन्ने उखान 'उखाने बा' ओलीलाई किन स्मरण भएन !

डिजिटल माध्यममै केन्द्रित भएर विश्लेषण गर्दा, निर्वाचन आचारसंहिता, २०८२ लाई हेर्नुपर्ने हुन्छ । आचारसंहितामा दुष्प्रचार (डिस इन्फरमेसन), द्वेषपूर्ण अभिव्यक्ति (ब्लेमिङ/हेट स्पीच) र मिथ्या सूचना (मिस इन्फरमेसन) का बारेमा प्रकाश पारिएको छ । यस पंक्तिकारले नेपाल प्रेस इन्स्टिच्युटको प्रतिनिधित्व गर्दै आम निर्वाचन पर्यवेक्षण समिति (जियोक)मा रहेर निर्वाचन पर्यवेक्षण गर्दा देखेको सत्य के भने, विगत वर्षहरुको तुलनामा यसपटक नेपाली मतदाताहरुले आचारसंहिताको पालना उत्कृष्ट गरे । मतदानमा लोकतान्त्रिक संस्कार देखाए । कति ठाउँमा मतदान अधिकृतदेखि कर्मचारीहरुसमेत मिलेर अनुपस्थित मतदाताको मत खसालेको जानकारीमा आए पनि तुलनात्मकरुपमा त्यस्ता घटना नगण्य थिए । यसपटक उम्मेदवारको भोजभतेर पाइएन, पैसा बाँडेको सुनियो तर देखिएन, बाहिर-बाहिर दबाबमा रहेका पार्टीका कार्यकर्ताले पनि गोप्य मतदान गर्दा उचित निर्णय लिए । यसबाट भोलिका निर्वाचनहरुमा उम्मेदवारलाई भोज खुवाएर र खर्च दिएर चुनाव जितिन्न भने पाठ सबैले सिक्ने भए ।

यसपटक डिजिटल दुनियामा दुष्प्रचार (डिस इन्फरमेसन)को भने बाढी नै आयो । एआईको प्रयोग गरेर र नक्कली आईडी बनाएर धेरैले आचारसंहिता उल्लंघन गरे । फेसबुकजस्ता सामाजिक सञ्जालहरु दुष्प्रचारले भरिएका थिए । आफूलाई महामानव ठान्ने ओलीले बालेनलाई 'तेली' भन्ने, तराईका केही जिल्लावासीलाई 'पछौटे' भनेर द्वेषपूर्ण अभिव्यक्ति दिनेबाहेक जाति, सम्प्रदाय, धर्म, क्षेत्र, पेसा आदिका आधारमा गाली गर्ने काम खासै भएन । सूचना प्रदायक नै अनभिज्ञ भएका कारण गलत सूचना सम्प्रेषण गरिएका मिथ्या सूचनाका उदाहरण पनि धेरै भेटिएनन् । सर्वाधिक परिमाणमा भेटिएका र आम नागरिकलाई भ्रममा पारेका डिजिटल दुनियाका जानकारीहरु दुष्प्रचारकै उदाहरण थिए ।


निर्वाचन आयोगले निर्वाचनमा स्वच्छता होस्, स्वतन्त्र ढंगले मतदान गर्न सकियोस्, निर्वाचनसम्बन्धी व्यवस्था सबैका लागि समान वा पक्षपातरहित होस्, पारदर्शिता, मितव्ययिता र निर्भयताको वातावरणमा मतदान गर्न सकियोस् भन्ने उद्देश्यका साथ आचारसंहिता जारी गरेको हो । तर, दुष्प्रचारका कारण एकसाथ अनेक उद्देश्यहरु असफल भए । फागुन १९ गते, मतदानको दुई दिनअघि प्रकाशित गोरखापत्रका अनुसार आयोगद्वारा राजनीतिक दल, उम्मेदवार र संस्थाहरुसमेतलाई २३ थान स्पष्टीकरण सोधेको थियो । यसमध्ये १२ वटाको मात्र जबाफ आयोगले पायो । आयोगले नियामक निकायहरुसँगको सहकार्यमा सूचना सदाचार एकाई गठन गरेर डिजिटल माध्यममा दुष्प्रचार भएका सामग्रीलाई पहिचान र नियन्त्रण गर्ने काम भएको दाबी गऱ्यो । १८ फागुनसम्म १२० वटा दुष्प्रचारका कन्टेन्ट क्रिएटर पहिचान गरी कारबाहीका लागि नेपाल प्रहरीको साइबर ब्यूरोमा लेखी पठाएको देखिन्छ । प्रस्ट छ, यस्ता गलत सामग्रीका उत्पादकहरु विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐनबमोजिम कारबाहीका दायरामा पर्न आउँछन् । यस्तै, ६ वटालाई दूरसञ्चार प्राधिकरण ऐनबमोजिम आवश्यक कारबाही गर्न नेपाल दूरसञ्चार प्राधिकरणमा पठाइएको र १५ वटालाई प्रेस काउन्सिल ऐनबमोजिम कारबाहीका लागि प्रेस काउन्सिल नेपालमा पठाइएको देखिन्छ ।

यसै गरी, ३४ वटालाई निर्वाचन आचारसंहिता २०८२ बमोजिम कारबाहीका लागि केन्द्रीय आचारसंहिता अनुगमन समितिमा पठाइएको देखिन्छ । तर, यसरी पत्राचार गर्नासाथ आयोगले दुष्प्रचार वा मिथ्या सूचनाका स्रोत-व्यक्ति वा संस्थालाई कारबाही गरेको सूचीमा त चढाउँछ तर दोषीहरु प्रायः दण्डहीनताकै मजा लिइरहेका हुन्छन् । बढीमा त्यस्ता कन्टेन्टहरु सामाजिक सञ्जालबाट झिकिएका हुन्छन् । आयोगले दैनिक सूचना विश्लेषण गरी कारबाहीका लागि सिफारिस गरेको सन्दर्भ सकारात्मक छ । तर, सम्बन्धित निकायलाई आवश्यक कारबाहीका लागि लेखी पठाएको प्रक्रियालाई नै कारबाही भएको मान्न सकिन्न । माघ ४ गते रातिदेखि आचारसंहिता लागू भएसँगै आयोगले कार्यान्वयन अनुगमन र नियमनको प्रक्रियालाई सँगै अघि बढाएको थियो । मौखिक, लिखित तथा विद्युतीय माध्यमबाट पनि आचारसंहिता उल्लंघनमा उजुरी दिन सक्ने व्यवस्था आयोगले गरेका कारण उजुरीको संख्या बढ्नुपर्ने हो, तर 'उजुरी गरे पनि के हुन्छ र !' भन्ने सोचले हुन सक्छ, दुष्प्रचारका डिजिटल सामग्रीका तुलनामा उजुरी खासै परेको होइन ।

यद्यपि यसपटकको निर्वाचनमा उजुरीका लागि थप प्रयास भएको भने देखिन्छ । जिल्ला निर्वाचनको कार्यालयमा परेका उजुरीलाई पनि 'रियल टाइम' मै केन्द्रले पनि प्राप्त गऱ्यो । आचारसंहिता उल्लंघनको कुनै उजुरी जुन समयमा जिल्लामा आयो सोही समयमै केन्द्रले पनि त्यो जानकारी पायो । 'रियल टाइम' मै कारबाही हुन सक्ने अवस्था भयो । अर्को कुरा डिजिटल उजुरीलाई तत्काल फर्वार्ड गरेर कारबाही गर्ने निकायमा पनि पठाउन सकियो । आम निर्वाचन पर्यवेक्षण समिति (जियोक) का पर्यवेक्षक साथीहरु भन्दै थिए- एक उम्मेदवारले भेस्टमा आफ्नो फोटो टाँसेर प्रचार गर्न थालेछन्, कुनै सचेत नागरिकले एक क्लिक फोटो खिचेर जिल्ला निर्वाचन कार्यालयमा पठाइदिए, तत्कालको तत्काल आयोगले छापा माऱ्यो, भेस्टहरु सिज गऱ्यो । उजुरी र कारबाहीमा पनि डिजिटल माध्यमले अभूतपूर्व सहयोग पुऱ्याएको देखियो ।

आयोगका अनुसार बाँके, कालीकोट, पाल्पा, गुल्मीलगायतका जिल्लामा सभा-सम्मेलन रोकिएको, आचारसंहिता विपरीत हुने प्रचारका कार्यक्रम रोकिएको, राजनीतिक दल, उम्मेदवार तथा सरोकारवालालाई साझेदार बनाई काम गरिएको थियो । निर्वाचन आचारसंहिताअनुसार ७७ वटै जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिकबाहेकका अन्य विषयमा र प्रमुख कोष नियन्त्रक/कोष नियन्त्रकलाई आर्थिक विषयमा अनुगमन गर्न आचारसंहिता अनुगमन अधिकृत आयोगले तोक्यो । आयोगले पहिलोपटक दल र उम्मेदवारलाई निर्वाचन प्रयोजनका लागि छुट्टै खाता खोल्न लगायो । आयोगको पत्राचारअनुसार राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई खाता खोल्ने व्यवस्था मिलाउन परिपत्र पनि गऱ्यो । यद्यपि खाता खोल्ने निर्देशनलाई राजनीतिक दल र उम्मेदवारहरुले प्रायः पालना गरेको भने पाइएन । निष्कर्षमा डिजिटल प्रविधि एक औजार हो, यसको सदुपयोग गर्ने कि दुरुपयोग, हाम्रै हातमा छ । सामाजिक सञ्जालमा ठीक किसिमले प्रचार-प्रसार गरेका कारण उम्मेदवारहरुले निर्वाचनमा विजयको माला पनि पहिरिए भने, यसको सदुपयोग गर्न नसक्नेहरु पराजित भए । पराजयका अरु पनि अनेक कारण हुन सक्छन्, तर यसपटक एउटा मुख्य कारण डिजिटल माध्यम देखियो । डिजिटल माध्यमको अति प्रयोग पनि घातक हुने रहेछ । एक नाम चलेका उम्मेदवार उखु काट्न बारीमा पुगे, मतदाताको दुःखमा धरधरी रोए, अब म यहीँ घर बनाएर बस्छु पनि भने । तर उनको जमानत जफत भयो । नराम्रोसँग चुनाव हारे । यसको अर्थ के भने, डिजिटल माध्यम अति संवेदनशील मञ्च हो, यसमा नाटकीय सामग्री राख्नु हास्य पात्र हुनु मात्र हो । स्वाभाविक काम गर्नुपऱ्यो, प्रभावकारी प्रस्तुति दिनुपऱ्यो, तब मात्र मतदाताको मन जित्न सघाउने रहेछ डिजिटल मिडियाले । आशा गरौं, पाँच वर्षपछिको आम निर्वाचनका लागि यसपटक पराजित दलहरुले आजैदेखि डिजिटल माध्यमको सदुपयोग गर्ने योजना बनाउने र कार्यान्वयन गर्नेछन् । यो माध्यम जाने उपयोगी, नजाने बन्दुक र तरबारजस्तो हानिकारक पनि हुने रहेछ । यति भने बुझ्नै पर्छ !

# ‘कन्स्ट्रक्सन–होलिडे’ घोषणा गर्न निर्माण व्यवसायीहरुको माग




काठमाडौं- नेपाल निर्माण व्यवसायी महासंघले निर्माण सामग्रीमा मूल्य स्थिर नहुँदासम्म ‘कन्स्ट्रक्सन-होलिडे’ घोषणा गर्न सरकारसँग आग्रह गरेको छ। मध्यपूर्वमा देखिएको युद्धका कारण डिजेल, पेट्रोल, मट्टितेललगायतका इन्धनमा भारी मूल्यवृद्धि भएकाले व्यवसायीमाथि ठुलो भार पर्ने भन्दै महासंघले कन्स्ट्रक्सन-होलिडे मागेको हो।

महासंघका महासचिव रोशन दाहालले सोमबार एक विज्ञप्ति जारी गरेर निर्माण कार्य हाललाई स्थगित गर्न माग गरेका छन्। ‘धमाधम निर्माण कार्य हुने सिजनमा इन्धनलगायत सामग्रीहरूमा भएको भारी मूल्यवृद्धिले निर्माण व्यवसायीहरूलाई ठूलो आर्थिक भार पर्नुका साथै पूर्वाधार खर्च बढ्न गई नेपाल सरकारका सार्वजनिक निकायहरूलाई नै आर्थिक बोझ थपिने निश्चित छ,’ विज्ञप्तिमा भनिएको छ, ‘त्यसैले मूल्यवृद्धि स्थिर नभएसम्म सम्पूर्ण आयोजनाको निर्माण कार्य हाललाई स्थगित गर्न महासंघ बाध्य हुने व्यहोरासमेत अवगत गराउँदछौं।’

इन्धनमा भएको भारी मूल्यवृद्धिबाहेक हालै निर्वाचनको मौका पारेर नेपालमा सीमित आयातकर्ताहरूले ‘कार्टेलिङ’ गर्दै सडक निर्माणमा प्रयोग हुने बिटुमिनको पनि कृत्रिम अभाव सिर्जना गरी आर्थिक समस्यामा पारेको महासंघको दाबी छ।

सार्वजनिक खरिद ऐन र नियमावलीअनुसार प्रत्येक आयोजनामा मूल्यवृद्धि भएअनुरुप मूल्य समायोजनको व्यवस्था गर्न महासंघले विज्ञप्तिमार्फत सरकारका सम्बन्धित निकायसमक्ष माग गरेको छ।

## रामेछाप डायरी

# ७५.०७ अंक सहित मन्थली नगरपालिका जिल्लामै प्रथम




**काठमाडौं–** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा आर्थिक वर्ष २०८१/०८२ मा स्थानीय तहहरूले सम्पादन गरेका गतिविधिहरूको मूल्याङ्कनमा रामेछापको मन्थली नगरपालिका जिल्लामै प्रथम भएको छ।

आयोगले १७ वटा सूचकका आधारमा गरेको अन्तिम मूल्याङ्कन अनुसार मन्थली नगरपालिकाले ७५.०७ अंक प्राप्त गर्दै रामेछाप जिल्लाका आठ वटा स्थानीय तहहरूमध्ये पहिलो स्थान हासिल गरेको हो।

मूल्याङ्कनको नतिजा अनुसार रामेछाप नगरपालिका ६६.४४ अंक सहित दोश्रो भएको छ। यसैगरी ६३.८३ अंक सहित उमाकुण्ड गाउँपालिका तेश्रो भएको हो।

सुनापति गाउँपालिकाले ५९.७९,गोकुलगंगा गाउँपालिकाले ५६.७५,खाँडादेवी गाउँपालिका ५६.१७,लिखु तामाकोशी गाउँपालिकाले ५४.३३ र दोरम्बा शैलुङ गाउँपालिकाले ५१.७० अंक प्राप्त गरेको हो। आयोगले सार्वजनिक गरेको नतिजा अनुसार स्थानीय तहहरूको कार्यसम्पादन, वित्तीय व्यवस्थापन, योजना कार्यान्वयन तथा सेवा प्रवाह लगायतका सूचकका आधारमा मूल्याङ्कन गरिएको जनाएको छ।

# ढकमक्क मधेशका आाप बगैंचा, ६० प्रतिशत उत्पादन बढ्ने अनुमान

ढकमक्क मधेशका आँप बगैंचा, ६० प्रतिशत उत्पादन बढ्ने अनुमान

जनकपुरधाम- मधेश प्रदेशमा यस वर्ष आँप उत्पादनमा वृद्धि हुने भएको छ। मधेशका आठ वटै जिल्लाका बगैंचामा रहेका आँपका रूखमा अत्यधिक फूल लागेका छन्।

यही कारण चैत-वैशाखमा अत्यधिक हावाहुरी तथा असिना नपरे र मधुवा रोगको प्रभाव नपरे आँप उत्पादन उल्लेख्य बढ्ने कृषि विज्ञको अनुमान छ।

आठ वटै जिल्लामा आँपमा लागेको फूलको अनुपात हेर्दा गत वर्षको तुलनामा यस वर्ष करिब ६० प्रतिशतभन्दा बढी आँप उत्पादन हुने मधेस प्रदेशको कृषि विकास निर्देशनालयका वरिष्ठ बागवानी विकास अधिकृत प्रदीपकुमार यादवले जानकारी दिए।

यस वर्ष मधेसका किसानले करिब ३० हजार ८०० हेक्टर क्षेत्रफलमा आँप खेती गरेका छन्। मौसम अनुकूल रहे प्रदेशमा चार लाख मेट्रिक टनभन्दा बढी आँप उत्पादन हुने उनले बताए।

मधेसका जिल्लामध्ये धनुषा, महोत्तरी, सिरहा र सप्तरी आँप उत्पादनका हिसाबले अग्रणी मानिन्छन्। व्यावसायिक रूपमा आँप खेती विस्तार हुँदै गएको यस प्रदेशले देशको कुल आँप उत्पादनको करिब ७६ प्रतिशत हिस्सा ओगट्ने गरेको निर्देशनालयको तथ्याङ्कमा उल्लेख छ।



गत आर्थिक वर्षमा मधेसका किसानले ३० हजार ६०० हेक्टरमा आँप खेती गरेका थिए। त्यस बेला प्रदेशमा तीन लाख ९५ हजार ९६२ मेट्रिक टन आँप उत्पादन भएको थियो।

मधेसका किसानले विशेष गरी मालदह, बम्बई, कलकत्तिया, अम्रपाली र दशहरी नकुअवा, केरवा, विजु, सिपियालगायत आँपको खेती गर्दै आएका छन्। यहाँ उत्पादन हुने आँप स्थानीय बजारसँगै काठमाडौंलगायत देशका प्रमुख सहरमा पनि बिक्री हुने गरेको छ। यस वर्ष बोटभरि लागेका फूलहरूले किसानलाई उत्साहित बनाएको छ।

बगैंचामा यति धेरै फूल देखिएपछि व्यापारी ठेक्कामा लिन गाउँ गाउँ पुग्न थालेको किसान विल्टु महतोले जानकारी दिए। आँप खेतीबाट मनग्य आम्दानी हुन थालेपछि पछिल्ला वर्षमा मधेसका किसान यसतर्फ आकर्षित हुँदै गएका छन्। कृषि विज्ञ भगीरथ यादवका अनुसार बगैंचा व्यवस्थापन र रोग नियन्त्रणमा ध्यान दिन सके मधेसमा आँप उत्पादनमा अझै वृद्धि हुने सम्भावना छ।

नेपालमा विदेशी आँपको आयात पनि उल्लेख्य मात्रामा हुँदै आएको छ। प्लान्ट क्वारेनटाइन कार्यालय भिठामोडका प्रमुख किशोरकुमार यादवका अनुसार गत आर्थिक वर्षको फागुनदेखि चालु आर्थिक वर्षको कात्तिकसम्म भारतबाट भिठामोड नाका हुँदै ३५९ मेट्रिक टन आँप नेपाल भित्रिएको थियो।

# काठमाडौं महानगरपालिकाले बञ्चरेडाँडामा लैजाने फोहोरको मात्रा घटाउँदै

काठमाडौं महानगरपालिकाले बञ्चरेडाँडामा लैजाने फोहरको मात्रा घटाउने उद्देश्यका साथ छुट्टै सुक्खा फोहर व्यवस्थापन कार्य सुरु गरेको छ।

यसका लागि महानगरपालिकाले १० वडाबाट छुट्टै सुक्खा फोहर व्यवस्थापनको कार्य सुरु गर्न थालेको छ।

यसरी सुक्खा फोहर व्यवस्थापनको कार्य सुरु भएसँगै काठमाडौं उपत्यकाबाट ल्यान्डफिल साइटमा दैनिक करिब ३.१९ मेट्रिक टन कम फोहर व्यवस्थापन हुन थालेको महानगरपालिकाको वातावरण व्यवस्थापन विभागका प्रमुख सरीता राईले जानकारी दिइन्।

महानगरपालिकाले ३२ वटै वडाबाट घरेलु फोहरसँगै उत्पादन हुने सुक्खा फोहर बिक्री गर्न आफ्नो भौगोलिक क्षेत्रलाई सात क्षेत्रमा वर्गीकरण गरेर छुट्टाछुट्टै प्रतिस्पर्धाबाट करसहित वार्षिक रु ६ करोड आठ लाख ७२ हजारमा आय ठेक्का लगाएको उनले बताइन्।

अहिले महानगरपालिका-७, १२, १८, १९, २०, २१, २२, २३, २४, २५ र २७ वडाबाट सुक्खा फोहर व्यवस्थापनको कार्य सुरु गरिएको छ। हरेक क्षेत्रमा एक-एकवटा फोहरमैला स्थानान्तरण केन्द्र राखेर सुक्खा फोहर व्यवस्थापन केन्द्रसमेत राखिएको छ।



आय ठेक्का कार्यविधि २०७९ बमोजिम प्रतिस्पर्धीमध्येबाट क्षेत्र नं १ का लागि नेप्सेम्याक सेवा प्रालि छानिएको छ। यस क्षेत्रमा वडा नम्बर २, ३, ४, ५ र ७ पर्छन्। क्षेत्र नम्बर २ मा प्राक्टिकल वेस्ट सोलुसन प्रालि छनोटमा परेको छ। यसमा वडा नम्बर १, ११, २८, २९ र ३० पर्छन्। क्षेत्र नम्बर ३ मा क्रियटिभ सरसफाइ प्रालिले वार्षिक रु ५५ लाख ३५ हजार ८९१ आय ठेक्का कबोल गरेको छ। यस क्षेत्रमा वडा नम्बर ६, ८ र ९ पर्छन्।

क्षेत्र नम्बर ४ मा मेची पोली इन्डष्ट्रीले रु एक करोड १५ लाख चार हजार ४०४ कबोल गरेको छ। यसमा वडा नम्बर १६, १७ र २६ पर्छन्। वडा नम्बर १३, १४ र १५ समेटेर क्षेत्र नम्बर ५ मा तोकिएको छ। क्षेत्रका लागि नेपाल ऊर्जा विकास कम्पनीले जिम्मा लिएको छ। वडा नम्बर १०, ३१ र ३२ समेटेर क्षेत्र नम्बर ६ तोकिएको छ। यस क्षेत्रमा पोली वेस्ट म्यानेजमेन्टले जिम्मा पाएको छ।

# चिकित्सा शिक्षा अध्ययनको आकर्षण केन्द्र बन्दै कर्णाली स्वास्थ्य विज्ञान



जुम्ला। जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान पछिल्लो समयमा चिकित्सा शिक्षा अध्ययनको विद्यार्थीको आकर्षण केन्द्र बन्दै गएको छ।

अहिले प्रतिष्ठानमा चिकित्सा शिक्षाअन्तर्गतको एमबीबीएसको अध्ययन गर्न छिमेकी देश भारतका पाँच जना विद्यार्थी भर्ना भएको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका निमित्त निर्देशक कमल थानीले जानकारी दिए।

प्रतिष्ठानले यो वर्ष चिकित्सा शास्त्रअन्तर्गत स्नातक (एमबीबीएस) पढ्नका लागि चिकित्सा शिक्षा आयोगले ५० जनाको कोटा निर्धारण गरेको थियो।

जसमध्ये ४५ जना नेपाली विद्यार्थी र पाँच जना भारतीय विद्यार्थी गरी जम्मा ५० जना विद्यार्थी यो वर्ष भर्ना भएको कर्णाली स्वास्थ्य विज्ञापन प्रतिष्ठान जुम्लाका निर्देशक थानीले बताए।

पहिलो वर्ष एमबिबिएस अध्ययन गर्नेका लागि चिकित्सा शिक्षा आयोगले २० जनाको कोटा निर्धारण गरेको थियो। दोस्रो वर्ष ३०, त्यसपछि तेस्रो र यो वर्ष ५०/५० जनाको कोठा दिएको प्रतिष्ठानका निर्देशक थानीको भनाइ छ।

प्रतिष्ठानले एमबिबिएसको अध्यापन गर्न थालेको पनि चार वर्ष हुँदै छ र चौथो ब्याच पढ्न आएका विद्यार्थीलाई स्वागत गरिएको छ। चिकित्सक शास्त्रबाहेक अरू सङ्कायअन्तर्गत बी-पिएच, बी-फार्मेसी, बिएस्सी नर्सिङ र बिएनएसको २०-२० जनाको कोटा पाएको प्रतिष्ठानका निर्देशक थानीले जानकारी दिए।

दुर्गम भौगोलिक अवस्थाका कारण वर्षौंसम्म विकासका अवसरबाट टाढा रहेको जुम्ला पछिल्लो समय चिकित्सा शिक्षा अध्ययनको नयाँ केन्द्रका रूपमा उभिन थालेको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति पुजन रोकायाले बताए।

समग्र माथिल्लो कर्णालीको स्वास्थ्य सेवा प्रवाहसँगै चिकित्सा शिक्षा अध्ययनका लागि विद्यार्थीहरूको आकर्षणको केन्द्र प्रतिष्ठान बन्दै गएको उपकुलपति रोकायाको भनाइ छ।

प्रतिष्ठानको नयाँ शैक्षिक सत्र २०८२ का लागि भारतका पाँच जनासहित कुल १३० जना विद्यार्थी विभिन्न सङ्काय स्वास्थ्यसम्बन्धी विषय अध्ययन गर्न प्रतिष्ठानमा भर्ना भएको प्रतिष्ठानका शिक्षाध्यक्ष डाक्टर डबलबहादुर धामीले जानकारी दिए।

प्रतिष्ठानमा अहिले एमबिबिएस, बी-एनएस, बी-फार्मेसी, बिएससी नर्सिङ, बी-पिएचलगायतका विषय अध्ययन हुने गरेको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले जनाएको छ।

जनआकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ३३,
२०८२ साल चैत ३ गते मंगलबार
17 MARCH 2026, TUESDAY

# पैसाको सदुपयोग गर्न जान्नुपर्छ : गभर्नर पौडेल




काठमाडौं- नेपाल राष्ट्र बैंकका गभर्नर विश्वनाथ पौडेलले पैसाको सदुपयोग गर्न जान्नुपर्ने बताएका छन् ।

सोमबार ग्लोबल मनी विकलाई सम्बोधन गर्दै पैसाको सदुपयोग गर्न नजान्दा धेरै अप्ठ्यारो पर्न सक्ने बताएका हुन् ।

'पहिलापहिला जमनामा ऋण तिर्न जानेन भने तपाईंलाई जिन्दगीभर कमरो बनाइदिन्थे । तपाइले अरुका लागि काम गर्नुपथ्र्यो । तपाइको बा, हजुरबाले त्यतिबेला राम्रोसँग पैसा चलाउन जान्नु हुँदैनथ्यो । त्यतिबेला जे गर्छौं भनेर पैसा लग्नुभयो, गरेनन् । ऋण सदुपयोग गरेनन्,' उनले भने ।

बैंकबाट लिएको ऋणको सदुपयोग नगरी अन्यत्र खर्च गर्दा कालोसूचीसम्ममा पर्ने र त्यसले पुस्तालाई ठूलो अप्ठ्यारो पर्ने गरेको गभर्नर पौडेलले बताए ।

'अहिले पनि अरुको पैसा लिएर गएर दुरुपयोग गरियो भने त्यसको क्षति धेरै ठूलो हुन्छ । त्यो बुझ्न एकदमै जरुरी छ । पैसा भनेको राम्रोसँग चलाउने चिज हो । पैसा सदुपयोग गर्ने चिज हो । मेहनत गरेर कमाएको चिज हो । सदुपयोग गरेर चलाउनुपर्छ,' उनले भनेका छन् ।

# कपनमा 'करेन्ट मार्ट' को दोस्रो आउटलेट

काठमाडौं- 'हट एण्ड स्पाइसी' नुडल्स सेगमेन्टमा बलियो पकड बनाइरहेको 'करेन्ट नुडल्स' को उत्पादक संस्था यशोदा फुड्सले आफ्नो रिटेल आउटलेट 'करेन्ट मार्ट' को काठमाडौं उपत्यकाभित्रको दोस्रो शाखा संचालनमा ल्याएको छ ।

कम्पनीले २७ फागुनबाट कपनस्थित (रिलायन्स कलेज नजिक) नयाँ शाखाको औपचारिक सुरुवात गरेको हो ।

यसअघि काठमाडौंको बानेश्वरस्थित कात्यानी चोकमा पहिलो आउटलेट संचालन गरिएको थियो । ग्राहकहरूको बढ्दो मागलाई मध्यनजर गर्दै कम्पनीले कपनमा यो दोस्रो शाखा विस्तार गरिएको कम्पनीले जनाएको छ ।

नयाँ शाखाको उद्घाटनको अवसर पारेर ग्राहकहरुलाई 'करेन्ट मार्ट' मा उपलब्ध सम्पूर्ण उत्पादनहरुको खरिदमा १० प्रतिशत विशेष छुटको व्यवस्था गरिएको कम्पनीले जनाएको छ ।




कपनमा अवस्थित 'करेन्ट मार्ट' को उद्घाटन यशोदा फुड्सका ग्लोबल एक्जुकेटिभ डाइरेक्टर जी.पी. शाह र डाइरेक्टर प्रकाश पौडेलले संयुक्त रुपमा गरेका थिए । उद्घाटन समारोहमा कम्पनीका प्रतिनिधिहरु, ग्राहक तथा शुभचिन्तकहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

'करेन्ट मार्ट' मा उपभोक्ताहरुले यशोदा फुड्सद्वारा उत्पादित सम्पूर्ण रेन्जका उत्पादनहरु एकै छानामुनि प्राप्त गर्न सक्नेछन् । यहाँ करेन्ट ब्रान्डका लोकप्रिय नुडल्स (चाउचाउ), विभिन्न प्रकारका स्न्याक्स, चिज बल्स, त्यसैगरि, चिया पारखीका लागि करेन्ट गोल्ड मसला र सिटिसी चिया तथा विभिन्न प्रकारका मसला आदि पनि मार्टमा उपलब्ध रहेका छन् ।

उद्घाटन समारोहमा 'बानेश्वर शाखामा उपभोक्ताहरुले करेन्ट मार्टलाई देखाउनुभएको माया र विश्वासले हामीलाई काठमाडौंको अन्य स्थानमा पनि छिट्टै सेवा विस्तार गर्न उत्साहित भएका छौं ।' यशोदा फुड्सका ग्लोबल एक्जुकेटिभ डाइरेक्टर जी.पी. शाहले बताए ।

# कस्तुरी फार्मास्युटिकल्सले आईपीओ जारी गर्ने

काठमाडौं- कस्तुरी फार्मास्युटिकल्स लिमिटेडले प्रारम्भिक सार्वजनिक निष्कासन (आईपीओ) जारी गर्ने तयारी गरेको छ । कम्पनीले आईपीओ निष्कासनका लागि रिलायबल क्यापिटल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट बैंकिङ लिमिटेडलाई इस्यू म्यानेजरका रूपमा नियुक्त गरेको छ ।

आईपीओ निष्काशन सम्बन्धी सम्झौतामा कस्तुरी फार्मास्युटिकल्सका अध्यक्ष प्रवेक खनाल र रिलायबल क्यापिटलका तर्फबाट ग्रीष्म चालिसेले हस्ताक्षर गरे । कम्पनीले करिब १६ करोड रुपैयाँ बराबरको १४ लाख कित्ता साधारण सेयर सर्वसाधारणका लागि निष्कासन गर्नेछ । आवश्यक प्रक्रिया पूरा गरी आगामी साउनभित्र आईपीओ जारी गर्ने लक्ष्य कम्पनीले राखेको छ ।

आईपीओ निष्कासनअघि नियामक निकाय नेपाल धितोपत्र बोर्ड (सेबोन) बाट स्वीकृति लिनुपर्ने हुन् छ। बोर्डबाट स्वीकृति प्राप्त भएपछि कम्पनीले सार्वजनिक निष्कासन प्रक्रिया अघि बढाउने जनाएको छ ।

कम्पनीका अनुसार हाल प्रति सेयर




औसत आन्तरिक मूल्य ३१२.७० रुपैयाँ रहेको छ । आईपीओ अघि कम्पनीले प्राइभेट प्लेसमेन्ट अफरिङमार्फत पनि लगानी जुटाउने योजना बनाएको छ ।

कम्पनीले आगामी आर्थिक वर्ष २०८४/८५ सम्म प्रति सेयर आम्दानी (ईपीएस) ३१.२९ रुपैयाँ पुग्ने प्रक्षेपण गरेको जनाएको छ । यस्तै, कम्पनीले आफ्नो ऋण दायित्व क्रमशः घटाउँदै लैजाने योजना समेत अघि सारेको छ । आर्थिक वर्ष २०८२/८३ को पुससम्म कम्पनीको ऋण २४.५७ करोड रुपैयाँ रहेको छ भने आगामी आर्थिक वर्ष २०८४/८५ सम्ममा उक्त ऋण घटाएर ८.३० करोड रुपैयाँमा झार्ने लक्ष्य राखिएको कम्पनीले जनाएको छ ।

# तीनदिने नेपाल फार्मा एक्स्पो सम्पन्न




काठमाडौं- 'फार्मामा नवीनता, भोलिका लागि स्वास्थ्य' भन्ने मूल सन्देशका साथ आयोजित नेपाल फार्मा एक्स्पो २०२६ सफलतापूर्वक सम्पन्न भएको छ । नेपाल फार्मा एक्स्पो २०२६ नेपाल औषधि उत्पादक संघ (एपन) को आयोजनामा फागुन २८, २९ र ३० गते काठमाडौंमा आयोजित तीनदिने एक्स्पोमा औषधि उद्योगसँग सम्बन्धित नवीन प्रविधि, कच्चा पदार्थ, प्याकेजिङ सामग्री तथा अत्याधुनिक मेसिनरीहरूको प्रदर्शनी गरिएको थियो। प्रत्येक दुई वर्षमा आयोजना हुने यो एक्स्पोको यसपटक दशौं संस्करण हो ।

संघका अध्यक्ष विप्लव अधिकारीले नेपालमा विश्वस्तरीय र गुणस्तरीय औषधि उत्पादन भइरहेको सन्देश जनतामाझ पुर्याउन एक्स्पो आयोजना गरिएको बताए । उनका अनुसार विश्व बजारमा विकास भएका नयाँ प्रविधि र आविष्कारलाई आत्मसात् गर्दै नेपाली औषधि उद्योग अघि बढिरहेको छ ।

'नेपालमा उत्पादन हुने औषधिको गुणस्तरबारे कुनै शंका नगर्न उपभोक्तालाई आग्रह गर्दछु,' उनले भने । एक्स्पोका मिडिया संयोजक शैलेश वैद्यका अनुसार तीन दिनको अवधिमा २५ हजारभन्दा बढी दर्शकले एक्स्पो अवलोकन गरेका छन् ।

एक्स्पोमा २०० भन्दा बढी प्रदर्शनी कक्ष राखिएका थिए, जसमध्ये ९० प्रतिशतभन्दा बढी विदेशी तथा बहुराष्ट्रिय कम्पनीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा विश्व बजारमा आएका नवीनतम कच्चा पदार्थ, अत्याधुनिक औषधि उत्पादन मेसिनरी तथा प्याकेजिङ प्रविधिको प्रदर्शन गरिएको थियो। साथै स्वदेशी औषधि उद्योगहरूले आफ्ना उत्पादन, उपलब्धि र प्रगतिका नमुनासमेत प्रस्तुत गरेका थिए ।

आयोजकका अनुसार यस एक्स्पोले नेपाली औषधि उद्योगलाई अन्तर्राष्ट्रिय स्तरको प्रविधि र बजारसँग जोड्ने महत्वपूर्ण प्लेटफर्मको रूपमा काम गरेको छ ।

# राष्ट्र बैंकले संशोधन गर्‍यो चालु पुँजी कर्जा मार्गदर्शन




काठमाडौं। नेपाल राष्ट्र बैंकले चालु पुँजी कर्जा मार्गदर्शन संशोधन गरेको छ। राष्ट्र बैंकले शुक्रबार चालु पुँजी कर्जा सम्बन्धी मार्गदर्शन संशोधन गरेको हो।

राष्ट्र बैंकले फागुन १२ गते चालु आर्थिक वर्षको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन परिमार्जन गर्ने बताएको थियो।

मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा : कर्पोरेट ऋणीका लागि बम्पर, बैंकहरुलाई लगानीमा राहत

मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत गरिएको व्यवस्था कार्यान्वयन गर्न राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई शुक्रबार सर्कूलर जारी गरेको छ।

बैंक तथा वित्तीय संस्थाले यसअघि प्रवाह भएको पर्मानेन्ट वर्किङ क्यापिटल निडको आवधिक प्रकृतिको कर्जा ऋणीको नगद प्रवाह तथा वित्तीय विवरण विश्लेषण गरेर आवश्यकता र औचित्यको आधारमा २०८३ असार मसान्तसम्ममा एक पटकका लागि मात्र पुनर्तालिकिकरण गर्न पाउनेछन्।

'यसअघि प्रवाह भएको प्रमानेन्ट वर्किङ क्यापिटल निडको आवधिक प्रकृतिको कर्जा ऋणीको नगद प्रवाह तथा वित्तीय विवरण विश्लेषण गरी आवश्यकता र औचित्यको आधारमा २०८३ असार मसान्तसम्ममा एक पटकका लागि मात्र पुनर्तालिकिकरण गर्न सकिनेछ । यसरी गरिएको कर्जा पुनर्तालिकिकरणलाई कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्थाको प्रयोजनका लागि पुनर्तालिकिकरण भएको मानिने छैन,' राष्ट्र बैंकले भनेको छ।

यस्तै, चालु पुँजी कर्जाका क्यास क्रेडिट कर्जा खातामा आर्थिक वर्षको कुनै एक समयमा कम्तीमा लगातार ७ दिन कर्जा सीमाको ३० प्रतिशतभन्दा कम बक्यौता कायम गर्नुपर्छ। यसअघि यस्तो सीमा १० प्रतिशत थियो।

राष्ट्र बैंकले उद्यम वा व्यवसायको प्रकृति, क्षेत्र, नगद प्रवाह तथा चालू पुँजी सम्बन्धी विश्लेषण समेतका आधारमा स्थायी चालु पुँजीको लागि प्रदान गरिने आवधिक कर्जाको अवधि निर्धारण गर्ने पद्धति एवं क्षेत्रगत रुपमा यस्तो अवधिको न्यूनतम तथा अधिकतम सीमा कायम गरेको छ।

# रिलायन्स स्पिनिङ मिल्सले ५ सय प्रतिशत बढायो कर्मचारी बोनस

काठमाडौं- तीन दशक लामो यात्रामा मजदुरद्वारा न बन्द-हड्ताल, न त कुनै असन्तुष्टिको आवाज र अवरोध । 'मजदुरमैत्री' उद्योगको पहिचान बनाएको रिलायन्स स्पिनिङ मिल्स लिमिटेडले गत आर्थिक वर्ष २०८१/८२ मा आफ्ना कर्मचारीलाई ६ करोडभन्दा बढी रकम बोनस बाँडेर खुसी थपेको छ ।

कम्पनीका अनुसार गत आर्थिक वर्षमा कर्मचारीलाई ६९ दिन बराबरको ६ करोड २ लाख ४७ हजार ९६३ रुपैयाँ बोनस वितरण गरिएको छ। कम्पनीले खुद नाफामा बढोत्तरी भएसँगै कर्मचारीलाई दिने बोनस पनि करिब ५ सय प्रतिशतले बढाएको हो । वार्षिक वित्तीय विवरणअनुसार आर्थिक वर्ष २०८०/८१ मा १ करोड १ लाख ८ हजार ३१६ रुपैयाँ बोनस वितरण गरिएको थियो । गत आर्थिक वर्ष २०८१/८२ मा कम्पनीमा कार्यरत जनशक्तिको पारिश्रमिकमा ११ करोड ६० लाख ३३ लाख १९८ रुपैयाँ खर्च भएको छ । यो रकम अघिल्लो वर्षको भन्दा ५५ लाख ८० हजार ९१४ रुपैयाँले बढी हो ।

रिलायन्स उत्कृष्ट रोजगारदाता कम्पनीको रुपमा स्थापित छ । कम्पनीमा कार्यरत ४ हजार जनशक्तिमध्ये करिब करिब १ हजार ३ सय महिला छन् । उद्योग परिसरमा महिलाका लागि स्तनपान कक्ष, बालबालिकाका लागि डे केयर सेन्टर र कर्मचारीका छोराछोरीका लागि १२ कक्षासम्म अध्ययनको व्यवस्था दिइँदै आएको छ । उद्योग परिसरमै कर्मचारीका लागि सुविधा सम्पन्न लेवर कोलोनी, खेल मैदान, आधुनिक क्यान्टिन, एम्बुलेन्ससहित विशेषज्ञ डाक्टरको सुविधा पनि उपलब्ध छ ।

रिलायन्सले गत आर्थिक वर्षमा ४७ करोड ५८ लाख ११ हजार ९७९ रुपैयाँ खुद नाफा कमाएको थियो । अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा कम्पनीको खुद नाफा ५ करोड ३ लाख ८३ हजार ७९३ रुपैयाँ रहेको थियो । दुई आर्थिक वर्षको तुलना गर्दा कम्पनीको खुद नाफामा ८४५ प्रतिशतले वृद्धि भएको देखिन्छ । कम्पनीको कूल नाफा पनि अघिल्लो आर्थिक वर्षको तुलनामा ४२ प्रतिशतले बढेको वित्तीय विवरणमा उल्लेख छ । कम्पनीले सार्वजनिक गरेको वार्षिक वित्तीय विवरण अनुसार आर्थिक वर्ष २०८१/८२ मा कुल नाफा १ अर्ब ४८ करोड ९३ लाख रुपैयाँ रहेको छ । अघिल्लो वर्ष कम्पनीको नाफा ८६ करोड ५० लाख रुपैयाँ रहेको थियो ।

एक महिनाअघि मात्र आईपीओ निष्काशन प्रक्रिया सम्पन्न गरी धितोपत्र बजारमा सूचीकरण भएको रिलायन्स स्पिनिङ मिल्स पछिल्लो समय निरन्तर नाफामा गइरहेको छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# श्रीराम डिपोमा ६ हजार सिलिन्डर ग्यास फेला, उद्योगमा पनि बढाइयो निगरानी



काठमाडौं- बजारमा खाना पकाउने एलपी ग्यासको चरम अभाव भइरहेका बेला हरिसिद्धिस्थित श्रीराम ग्यास उद्योगको डिपोमा ठूलो परिमाणमा ग्यास स्टक गरेर राखिएको फेला परेको छ ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको नेतृत्वमा गएको बजार अनुगमन टोली उद्योगको डिपोमा पुग्दा ६ हजार ३ सय ७७ वटा भरिएका ग्यास सिलिन्डर स्टोर गरेर राखिएको फेला पारेको हो ।

अनुगमनका क्रममा श्रीराम ग्यास उद्योगले १४.२ केजीका ६ हजार ३ सय ७७ वटा सिलिन्डर डिपोमा थुपारेर राखेको तर बजारमा पठाउन आनाकानी गरेको पाइएको छ । उपभोक्तालाई मर्का पर्ने गरी ग्यासको कृत्रिम अभाव सिर्जना गरेको ठहर गर्दै उपभोक्ता संरक्षण ऐन २०७५ को दफा १६ बमोजिम 'अनुचित व्यापारिक क्रियाकलाप' गरेको कसुरमा उद्योगलाई सोही ऐनको दफा ३९ (१) (ख) बमोजिम ३ लाख रुपैयाँ तत्काल जरिबाना गरिएको छ ।

विभागले जरिबाना मात्र नगरी मौज्दात अवस्थामा रहेका सबै ६ हजार ३ सय ७७ वटा सिलिन्डरहरू नेपाल आयल निगमको समन्वयमा आजकै मितिदेखि उपभोक्तालाई बिक्री वितरण गर्न निर्देशन दिएको छ ।

सहज रूपमा ग्यास आपूर्ति हुनुपर्नेमा श्रीराम ग्यास उद्योगको डिपोले अनावश्यक रूपमा सिलिन्डर जम्मा गरी कृत्रिम अभाव सिर्जना गरेको र उपभोक्तालाई मार्का पारेको विभागका महानिर्देशक रोशन ज्ञवालीले बताए ।

'बजारमा ग्यासको हाहाकार छ, तर यहाँ ६ हजारभन्दा बढी सिलिन्डर थुप्रिएका छन्,' उनले अनलाइनखबरसँग भने, 'यो स्पष्ट रूपमा कृत्रिम अभाव सिर्जना गर्ने प्रयास हो ।' उक्त कार्य उपभोक्ता संरक्षण ऐन २०७५ अनुसार अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप अन्तर्गत पर्ने भएकोले उद्योगलाई सोही ऐन अनुसार ३ लाख रुपैयाँ तत्काल जरिबाना गरिएको उनको भनाइ छ ।

वाणिज्य विभागले बजारमा ग्यास नपाएर सर्वसाधारण घण्टौं लाइनमा बस्नुपर्ने अवस्था रहँदा ठूलो परिमाणमा ग्यास होल्ड गरेर राख्नु गैरकानूनी भएको बताएको छ ।

अनुगमनका क्रममा महानिर्देशक ज्ञवालीले यो कारबाहीको उद्देश्य केवल सजाय मात्र नभई बजारमा लुकाइएको ग्यास बाहिर ल्याउनु र अरूलाई पनि सचेत गराउनु रहेको स्पष्ट पारे । 'कसैले पनि स्टक राखेर बजारमा अभाव देखाउनु हुँदैन भन्ने सन्देश दिन यो कारबाही गरिएको हो,' महानिर्देशक ज्ञवालीले भने, 'यसबाट उपभोक्ताले ग्यास पाउने अवस्था सिर्जना हुनेछ ।'

श्रीरामका ग्यास बिक्रेताले पनि उद्योगबाट ग्यास नआएको बताएका छन् । उद्योगले नै ग्यास नपठाएकाले गर्दा उपभोक्तालाई सहज रूपमा बिक्री गर्न नपाएको उनीहरूको भनाइ छ ।

बजारमा अभाव भइरहेको समयमा अन्य ग्यास उद्योगहरूमाथि पनि निगरानी बढाइएको र कसैले पनि कालोबजारी वा होल्डिङ गरेमा कडा कानुनी कारबाही गरिने विभागले स्पष्ट पारेको छ ।

उद्योग भन्छ : आधा भर्ने निर्णयका कारण पूरा भरिएका सिलिन्डर बेच्न पाइएको थिएन

श्रीराम ग्यास उद्योगका व्यवस्थापन परामर्शदाता डिल्ली ढकालले ग्यास स्टक रहनुमा उद्योगको गल्ती नभई प्राविधिक र नीतिगत कारण रहेको दाबी गरेका छन् ।

ढकालका अनुसार डिपोमा सधैंजसो दुई-तीन दिनका लागि पुग्ने ग्यास स्टक राख्ने गरिन्छ । हाल डिपोमा देखिएका ६ हजार ३ सय ७७ वटा भरिएका सिलिन्डर नेपाल आयल निगमले आधा सिलिन्डर (७.१ केजी) मात्र बिक्री गर्ने निर्णय गर्नुअघि नै भरिसकिएकाले मौज्दात देखिएको उनको दाबी छ ।

'सरकारले २८ फागुनमा आधा सिलिन्डर मात्र बेच्ने निर्णय गर्‍यो, तर हाम्रा यी सिलिन्डरहरू त्यो निर्णय हुनुभन्दा अगाडि नै धादिङमा रहेको उद्योगबाट भरिएर आइसकेका थिए,' ढकालले दाबी गरे, 'नयाँ नियम आएपछि नेपाल आयल निगमले पूरा भरिएका सिलिन्डर बेच्न रोकिदियो, त्यसैले हामीले ती सिलिन्डर बेच्न नपाएर थन्किएका हुन् ।'

निगमले गत बिहीबार नै निर्णय गरे पनि उद्योगले भने आइतबार मात्रै निगमलाई पत्र लेखेर पूरा ग्यास सिलिन्डर मौज्दात रहेको जानकारी गराएको थियो ।

खेलकुद

## युनाइटेड भिजनलाई कोहलपुर प्राइड लिगको उपाधि



नेपालगन्ज – युनाइटेड भिजन क्रिकेट क्लबले क्याम्पा कोहलपुर प्राइड लिग (केपीएल) टी-२० क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ । युनाइटेडले सोमबार न्यु होराइजन स्पोर्ट्स क्लबलाई सुपर ओभरमा हराएर उपाधि उचालेको हो ।

न्यु होराइजनले टस जितेर फिल्डिङ रोजेको थियो । पहिला ब्याटिङ निम्तो पाएको युनाइटेड भिजनले निर्धारित २० ओभरमा १ सय ३६ रन बनायो । दीपेन्द्रसिंह ऐरीले ४२ बलमा सर्वाधिक ६९ रन बनाए । विपिन शाहीले १८ रन र अर्जुन साउदले १५ बलमा १६ रन बनाए । अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् ।

न्यु होराइजनका प्रेम गुप्ताले ११ रन मात्रै खर्चेर सर्वाधिक ५ विकेट लिए । निश्चल ज्ञवालीले २, प्रिन्स पाल, मोहम्मद हुसेन र अमर मिश्रले १-१ विकेट लिएका थिए । जवाफमा युनाइटेडले १९.३ ओभरमा अलआउट हुँदा १ सय ३६ रन बनायो । त्यसपछि खेल सुपर ओभरमा पुग्यो । मोहम्मद हुसेनले २९ रन र अमर मिश्र २९ रन बनाए ।

सुपर ओभरमा न्यु होराइजनले १ ओभरमा २ विकेट गुमाएर ६ रन बनायो । अमर मिश्रले ३ र सन्दीप मौर्याले १ रन बनाए । ७ रनको लक्ष्य पाएको युनाइटेड भिजनले बलमै बनाएर जित हासिल गरेको थियो । दीपेन्द्रसिंह ऐरीले ३ र आदिल आलमले २ रन बनाए ।

विजेता युनाइटेडले ४ लाख र उपविजेता न्यु होराइजनले २ लाख पुरस्कार पाए । १ सय ६५ रन बनाउनुका साथै ६ विकेट लिएका होराइजनका अमर मिश्र उत्कृष्ट खेलाडी घोषित भए । उनले बीबी साइकल स्टोर्सको तर्फबाट साइकल र १० हजार रुपैयाँ पुरस्कार पाए ।

१ सय ७१ रन बनाएका होराइजनका आरिफ खान उत्कृष्ट ब्याटर बने भने ८ विकेट लिएका युनाइटेडका सन्तोष यादव उत्कृष्ट बलर भए । दुवैले १० हजार पुरस्कार पाए ।

विजेतालाई कोहलपुर नगरप्रमुख पूर्णप्रसाद आचार्य, नगर खेलकुद विकास समितिका अध्यक्ष चक्र चिमाला क्षेत्री र प्रतियोगिता संयोजक विनायक गिरीलागायतले पुरस्कृत गरे ।

# राष्ट्रिय सभा अध्यक्ष दाहालसँग चिनियाँ राजदूत चाङको शिष्टाचार भेट




काठमाडौं- राष्ट्रिय सभाका अध्यक्ष नारायण प्रसाद दाहालसँग नेपालका लागि नवनियुक्त चिनियाँ राजदूत चाङ माओमिङले शिष्टाचार भेट गरेका छन् । राजदूत चाङले आज (सोमबार) सिंहदरबारस्थित अध्यक्ष दाहालको कार्यकक्षमा पुगेर शिष्टाचार भेट गरेका हुन् । भेटमा दुई देशबीचको सम्बन्ध, संसदीय सहकार्य, आपसी सहयोग र समसामयिक सन्दर्भमा कुराकानी भएको थियो।

भेटमा अध्यक्ष दाहालले नेपालका लागि नवनियुक्त राजदूत चाङलाई स्वागत गर्दै भने, 'तपाईंलाई नेपालमा स्वागत छ, तपाईंको कार्यकालमा नेपाल-चीन सम्बन्ध अझ घनिष्ट र उचाइमा पुग्ने विश्वास लिएको छु।' नेपाल र चीनबीचको सम्बन्ध वर्षौं पुरानो भएको चर्चा गर्दै अध्यक्ष दाहालले दुई देशबीचको सम्बन्ध कूटनीतिक तहमा मात्रै नभई जनस्तरमा समेत बलियो र प्रगाढ रहेको बताए ।

गत फागुन २१ गते नेपालमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भई नयाँ सरकार गठनको प्रक्रियामा रहेको बताउँदै अध्यक्ष दाहालले जेनजी आन्दोलनपछि उत्पन्न कठिन परिस्थिति र चुनावको समयमा चीन सरकारले गरेको सहयोग सह्रानीय रहेको बताए ।

नेपाल सधैँ एक चीन नीतिप्रति प्रतिबद्ध रहेको स्मरण गर्दै उनले आगामी दिनमा पनि नेपालको संविधान, असंलग्न परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्तअनुसार नै अगाडि बढ्ने जानकारी गराए । चीनले नेपालको पूर्वाधार विकास लगायत आर्थिक, सामाजिक क्षेत्रमा गरेको सहयोग अतुलनीय रहेको चर्चा गर्दै अध्यक्ष दाहालले आगामी दिनमा पनि सहयोग निरन्तर भइरहने विश्वास व्यक्त गरे । बीआरआई लगायत दुई देशबीच विभिन्न समयमा भएका समझदारी र सहमति प्राथमिकताका साथ कार्यान्वयन हुनेमा विश्वास लिएको भन्दै अध्यक्ष दाहालले यसले दुई देशको सम्बन्ध थप मजबुत र बलियो हुनेमा जोड दिए ।

अध्यक्ष दाहालले पोखरा र लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थलमा चीनबाट सीधा उडान सञ्चालन होस् भन्ने आफ्नो चाहना रहेको भन्दै त्यसका लागि पहल गर्न पनि राजदूत चाङलाई आग्रह गरे । उनले कनेक्टिभिटीका लागि सडक सञ्जाल र सीमा नाकाहरुको पूर्वाधार विकासमा पनि पहल गर्न अनुरोध गरे ।

सो अवसरमा राजदूत चाङले दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै पारस्पारिक लाभमा आधारित मैत्री सम्बन्ध कायम रहेको बताए । उनले दुवै देशका राष्ट्रपतिकै तहबाट भ्रमण आदान प्रदान भएपछि दुई देशबीचको सहकार्य र सहयोगमा उल्लेख्य वृद्धि भएको र सम्बन्ध नयाँ उचाईमा उठेको बताएका थिए । नेपालमा शान्तिपूर्ण रुपमा चुनाव सम्पन्न भएकोमा खुसी व्यक्त गर्दै राजदूत चाङले राजनीतिक स्थिरतासँगै नेपाल विकासको नयाँ चरणमा प्रवेश गर्ने आफूले विश्वास लिएको बताए ।

बीआरआई लगायत चीन-नेपालबीच भएका सम्झौताहरु छिटो अगाडि बढाउन सके दुवै देशका जनताको साझा समृद्धिमा थप विकास हुनेमा आफू आशावादी रहेको बताए ।

# उपभोक्ता हित संरक्षण गर्न स्थानीय तहलाई दिएको अधिकार पर्याप्त छैन : सुनिता डंगोल



काठमाडौं- काठमाडौं महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले उपभोक्ता हित संरक्षणका लागि सरकारले स्थानीय तहलाई दिएको अधिकार पर्याप्त नभएको बताएकी छन् ।

उपभोक्ता अदालत स्थापना दिवसको अवसरमा सोमबार आयोजित कार्यक्रममा उनले बजार अनुगमन तथा कारबाहीका विषयमा स्थानीय तहलाई प्रशस्त अधिकार नदिइएको बताएकी हुन् ।

उनले संघ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँट गर्दा कानुनी रूपमा स्पष्ट गर्नुपर्ने आवश्यक रहेको पनि औँल्याइन् ।

उपभोक्ता संरक्षणको विषयमा स्थानीय तहको महत्त्वपूर्ण भूमिका भए पनि यो एकल अधिकारको विषय नभएको उनले बताइन् ।

उनले सरकारी निकायबीच अधिकार बाँडफाँट हुँदा कसले के गर्ने भन्ने विषय स्पष्ट हुन नसक्दा समस्या उत्पन्न हुने गरेको बताइन् ।

स्थानीय तहहरूले बजार अनुगमन गर्ने गरे पनि कारबाही भने आफ्नो कार्यक्षेत्रमा भएकोलाई मात्रै गर्न पाइने उनको भनाइ छ । उनले उपभोक्ता हित संरक्षण एउटा मात्र निकायले गर्न नसक्ने बताइन् ।

संविधानअनुसार संघ, प्रदेश र स्थानीय तहको संयुक्त पहलमा उपभोक्ताहरुको हक संरक्षण गर्नुपर्ने उनको भनाइ छ ।

काठमाडौं महानगरपालिकाले ठगी, गुणस्तरहीन वस्तुको बिक्री वितरण तथा अनुचित व्यापार रोक्न कानुनले दिएको अधिकारको सीमाभित्र रहेर काम गरिरहेको उनले जानकारी दिइन् ।

बजार अनुगमन नियमित रूपमा गरिरहेको र चाडपर्व लक्षित अनुगमनलाई पनि निरन्तरता दिइरहेको उनको भनाइ छ ।

उनले भनिन्, 'संविधान अनुसार पनि संघ, प्रदेश र स्थानीय तहको संयुक्त पहलमा गर्नुपर्ने कामहरू धेरै छन् । स्थानीय सरकारले मात्रै म एक्लै गर्नसक्छु भनेर पनि गर्न सक्दैन । काठमाडौं महानगरपालिकाले ठगी, गुणस्तहीन बिक्री वितरण, अनुचित व्यापारलाई कानुनले दिएसम्म रोकथाम गरिरहेका छौं । बजारमा गुनासो धेरै छ, दिनप्रतिदिन बढ्दै पनि छ । काठमाडौं महानगरले बजार अनुगमन नियमित रूपमा गरिरहेका छौं ।'

उनले अगाडि भनिन्, 'उपभोक्ताको विषय पनि काठमाडौं लयायत सबै स्थानीय तहको पनि मुख्य भूमिका हुन्छ, यद्यपि यो एकल अधिकार र भूमिका चाहिँ होइन । एकल रूपमा चाहेर पनि गर्न नसकिने रहेछ । विभिन्न निकायहरू छन् । ती निकायबीच अधिकार बाँडफाँट भएका छन् । स्थानीय तहलाई अनुगमनको अधिकार सीमित रहेका छन् । विभिन्न निकायलाई अधिकार बाँडफाँट गर्दा कसले के गर्ने भन्ने कुरा जति स्पष्ट रूपमा आउनुपर्ने हो, त्यति स्पष्ट भएको छैन ।'

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ३३,
२०८२ साल चैत ३ गते मंगलबार
17 MARCH 2026, TUESDAY

# वर्षायाममा पुनर्निर्मित बीपी राजमार्गबाटै यातायात चलाउने तयारी



काभ्रेपलाञ्चोक- पटक-पटकको बाढीपहिरोले क्षतिग्रस्त बीपी राजमार्गको हाल स्थायी रूपमा पुनर्निर्माण कार्य धमाधम भइरहेको छ।

नेपालको पूर्वी तथा मध्यपहाडी क्षेत्रलाई सङ्घीय राजधानी काठमाडौँसँग जोड्ने छोटो दुरीका रूपमा रहेको उक्त राजमार्गको क्षतिग्रस्त सडकखण्डको तीन स्थानबाट थालिएको स्थायी पुनर्निर्माण कार्यलाई तीव्रता दिइएको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ।

राजमार्गको जोखिमयुक्त स्थानमा आउँदो वर्षाअघि नै पूर्वाधार निर्माण सक्ने र राजमार्गबाट नै यातायातका साधन सञ्चालन गर्नेगरी निर्माण कार्यलाई तीव्रता दिइएको कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले बताए।

उनका अनुसार राजमार्गमा भइरहेको काम हेर्दा दुई वर्षभित्र सडक पुनर्निर्माणको काम सकिने छ। हालसम्म काभ्रेपलाञ्चोकतर्फ ठेक्का लागेको तीनवटा सडकखण्डमा कुल २५ प्रतिशत काम भएको योगेशको भनाइ छ।

विशेषगरी २०८१ असोजमा आएको बाढीपहिरो तथा यस वर्षको वर्षामा थप क्षति पुगेपछि गत मङ्सिरदेखि प्रक्रिया पुऱ्याएर स्थायी पुनर्निर्माण थालिएको हो। क्षतिग्रस्त चार खण्डमध्ये बाँकी एक खण्ड जापान अन्तर र्राष्ट्रिय सहयोग नियोग (जाइका)ले पुनर्निर्माण गर्ने बर्खेखोलादेखि पिप्लेसम्मको तीन दशमलव दुई किलोमिटर सडक निर्माणको काम यसै महिनाभित्र ठेक्का सम्झौता हुने योगेशले जानकारी दिए।

क्षति पुऱ्याएको विभिन्न स्थानमा 'आरसिसी' पर्खाल लगाउने काम भइरहेको छ भने चौकीडाँडामा खोलाबाट प्लम्प पर्खाल लगाउन तथा चारसयबेँसी र भकुण्डेबेँसीमा पनि 'आरसीसी' पर्खाल लगाउन सुरु गरिएको छ। यस्तै डालाबेँसी, मङ्गलटार खण्ड, चारसयबेँसीदेखि नार्के खण्डमा सडक चौडा बनाउने कामसमेत भइरहेको योगेशले बताए।

उनका अनुसार गत वर्ष र यस वर्षको बाढीले 'वासआउट' (सडक पूर्ण क्षति) भएको स्थानमा बाढीले क्षति नगर्ने संरचना निर्माणको डिजाइन गरिएको छ। राजमार्गको काभ्रेपलाञ्चोक र सिन्धुलीको क्षतिग्रस्त खण्डको आगामी दुई वर्षभित्र पुनर्निर्माणको काम सक्ने लक्ष्य राखिएको छ।

कार्यालयका अनुसार क्षतिग्रस्त राजमार्गको पुनर्निर्माणका लागि तीन खण्डमा एकैसाथ काम सुरु गरिएको हो। यस वर्ष क्षतिग्रस्त स्थानमा संरचना निर्माण गर्ने, सडक चौडा गर्नेलगायत काम सम्पन्न गर्ने र आगामी वर्ष बाँकी रहेका केही स्थानमा संरचना बनाई कालोपत्र गरी कामलाई तीव्रता दिइएको योगेशले बताए। बाढीपहिराले उक्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोक र सिन्धुली खण्डको करिब ३० किलोमिटर सडकमा क्षति पुऱ्याएको थियो।

अबको पुनर्निर्माणमा राजमार्गको स्तरोन्नति गर्दै दुई लेनको सडक निर्माण गरिने भएको हो। 'पुनर्निर्माण हुने सडकखण्डमा दुई लेनको सडक बन्ने छ भने यसभित्र रहेका पुलसँगै अर्को पुल निर्माण गरेर पुललाई समेत दुई लेनको निर्माण गरिनेछ,' योगेशले भने।

उनका अनुसार पाँचवटा पुललाई दुई लेनमा परिणत गर्नेसमेत योजना बनाइएको छ। डालाबेँसीदेखि चारसयबेँसीसम्म आठ दशमलव पाँच किमी सडक पुनर्निर्माणका लागि खानी-एवन-कमलजीत जेभीले एक अर्ब ४२ करोड ३७ लाख रुपैयाँ (भ्याटसहित) मा निर्माण गर्ने गरी ठेक्का पाएको कार्यालयले जनायो।

यस्तै चारसयबेँसीदेखि भकुन्डेबेँसीसम्मको ११ दशमलव ०८ किमी सडक पुनर्निर्माणका लागि लामा-नवकान्तिपुर जेभीलाई एक अर्ब ३३ करोड ५३ लाख रुपैयाँमा ठेक्का दिइएको हो। नेपालथोकदेखि बर्खेखोलासम्म चार दशमलव ९० किमी सडक पुनर्निर्माणका लागि ६१ करोड रुपैयाँ (भ्याटसहित) मा निर्माण गर्नेगरी खरिढुङ्गा-घिसिङ-क्षितिज जेभीसँग ठेक्का सम्झौता गरिएको जनाइएको छ।

क्षतिग्रस्त कुल २९ दशमलव पाँच किमी सडकमध्ये बर्खेखोलादेखि पिप्लेसम्मको तीन दशमलव दुई किमी सडकलाई जाइकाले दुई अर्ब ६३ करोड रुपैयाँ बराबरको अनुदान उपलब्ध गराउने समझदारी पत्रमा हस्ताक्षर भइसकेको छ। कार्यालयले जाइकाले निर्माण गर्ने सडकखण्डबाहेकका अन्य खण्डमा सरकारले गत असोजअघि नै ठेक्का लगाइसकेको थियो।

क्षतिग्रस्त खण्ड पुनर्निर्माणका लागि सरकारले आठ अर्ब ५० करोड रुपैयाँ स्रोत सहमति दिएको हो। जसमध्ये काभ्रेपलाञ्चोकतर्फका तीन सडकखण्डलाई सात अर्ब ५० करोड रुपैयाँ र सिन्धुलीको एक सडकखण्डलाई एक अर्ब रुपैयाँको स्रोत सहमति दिइएको हो।

जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ बाट बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास १६० किमी सडक) निर्माण कार्य सुरु गरिएको थियो। खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न राजमार्गको विसं २०७२ असार १८ गते औपचारिक रूपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो। उक्त राजमार्ग केन्द्रीय राजधानी काठमाडौँलाई मध्यपहाडी तथा पूर्वी नेपालसँग जोड्ने छोटो मार्गका रूपमा लिइएको छ।

# बीमाका बिरामीलाई बाहिर औषधि खरिद नगराउन अस्पताललाई बोर्डको निर्देशन




काठमाडौं- स्वास्थ्य बीमा बोर्डले उपचार गराउन आएका बीमितलाई अस्पताल बाहिर औषधि खरिद नगराउन सबै अस्पताल (स्वास्थ्य संस्था) लाई निर्देशन गरेको छ।

बोर्डका सूचना अधिकारी विकेश मल्लले सबै अस्पताललाई परिपत्र जारी गर्दै बीमितलाई बाहिर औषधि पसलमा औषधि तथा औषधिजन्य सामग्री खरिद नगराउन निर्देशन दिएको जानकारी दिए।

बीमितसँग केही स्वास्थ्य संस्थाले प्याकेजमा गरिने उपचारमा औषधि बाहिर खरिद गराउने पाइएकोले त्यस्ता नगर्न/नगराउन सबै अस्पताललाई परिपत्र गरिएको उनले बताए।

'केही अस्पतालले बीमितलाई उपचार गरेसँगै बाहिर औषधि खरिद गर्न लगाएको गुनासो आएको छ,' उनले भने, 'त्यसैले हामीले त्यसरी बीमितलाई बाहिर औषधि खरिद नगर्न नगराउन निर्देशन दिँदै अस्पताललाई परिपत्र गरेका हौँ।'

उनका अनुसार अस्पतालले बीमितसँग बीमा सेवका विभिन्न प्याकेजभित्र समावेश हुने औषधि तथा औषधिजन्य सामग्री सोही अस्पताल तथा बाहिरका औषधि पसलबाट नगदमा खरिद गर्न लगाउने गरेका छन्।

सूचना अधिकारी मल्लले बिरामीलाई बाहिरका औषधि पसलबाट औषधि खरिद गर्न लगाउने अस्पताललाई स्वास्थ्य बीमा ऐन २०७५, स्वास्थ्य बीमा नियमावली २०७५ तथा प्रचलित निर्देशिका र कार्यविधि विपरीत रहेको भन्दै त्यस्ता अस्पताललाई स्वास्थ्य बीमा नियमावली २०७५को नियम १८ को उपनियम (१) को खण्ड (क) बमोजिम कारबाही गरिनेसमेत बताए।

स्वास्थ्य बीमा कार्यक्रममा अन्तर्गत पाँचजना परिवारसम्मका लागि तीन हजार ५०० रुपैयाँ बराबरको योगदानको आधारमा एक लाख रुपैयाँसम्मको स्वास्थ्य सेवा सुविधा उपलब्ध गराइन्छ।

यस्तै थप प्रति सदस्य ७०० का दरले योगदान रकम थपिँदै जाने र प्रति सदस्य २० हजार बराबरको सेवा सुविधा थपिने प्रावधान रहेको छ।

**अमेरिकाको तेलमा आखाा...**

इरानले लडिरहेको छ। इरान माथिको आक्रमण जसले जे सुकै भनेपनि अमेरिका र इजरालले तेलमा लगाएको आखाँको कारण मध्यपूर्वी एसियाको आकाशमा आगो र खाडी मुलुका रगत बगेको छ।

एसियाली देशहरुले यस घटनावाट पाठ सिक्नुपर्छ। अमेरिकाले एसियामा द्वाद्ध मच्चाएर हत्तियारको व्यापार गर्न चाहान्छ। अमेरिकाको आफ्नो देशमा केही नहोस भन्नका लागि डिफेन्स बेस क्यामहरु राखेर खाडी मुलुकमा बम बर्षा भएको छ। खाडी मुलुकका राष्ट्रहरुले आउदा दिनमा अमेरिकासँग भएका सैनिक सम्झौताहरु भंग गरेर आफ्नो देशलाई सुरक्षित बनाउन लाग्नुपर्ने देखिन्छ। त्यसो गर्न नसक्ने देशहरुलाई भोलीका दिनमा पनि यस्तै युद्धको समस्याले सताउन सक्छ।

अमेरिकाले पनि आफ्नो अन्तराष्ट्रि नीति दोस्रो विश्वयुद्धको जस्तो तरिका काम लाग्दैन रहेछ। आजको युग हत्तियारको बलमा होइन मानवहरु मन जितेर मात्र उत्कृष्ट हुन सकिन्छ भन्ने बुझ्नुपर्छ र नयाँ अन्तराष्ट्रिय अमेरिकन नीति अबलम्बन गरेर विश्वका देशहरुलाई साथमा लिन सक्ने वातावरण बनाउन सक्नुपर्छ। अहिलेको आक्रमण नीतिले अमेरिका अभो लाग्ने देखिदैन।

**महावीरको टिप्पणी...**

गरेको नियुक्ति १०० प्रतिशत गलत हो', उनले लेखेका छन्।

पूर्वमन्त्री पुनले नियुक्त गरिएका आदर्शलाई पनि सम्बोधन गर्दै प्रधानमन्त्री कार्कीको इज्जत धुलोमा मिसिन नदिन पद नदिन सुझाव दिएका छन्।

यस्तै प्रकारका नातावाद र कृपावादका कारण पुराना दलहरु खराब भएको स्मरण गराउँदै महावीरले यही तरिकाले नयाँ दलहरु पनि कालान्तरमा मासिने टिप्पणी गरेका छन्।

नयाँ नियुक्ति पाएका श्रेष्ठ यसअघि सचिवालयमा श्रीमतीसहित आफन्तलाई नियुक्त गरेपछि विवादित बनेका थिए।

**श्रम नवीकरण...**

प्रश्न उठाएका छन्। यदि श्रम स्वीकृति नवीकरण नहुँदा दुर्घटना वा मृत्यु भयो भने त्यसको जिम्मेवारी कसले लिने ?

उनका अनुसार श्रम स्वीकृति सकिएको अवस्थामा दूतावासले सहयोग गर्न कठिन हुने भएकाले बीमा सुविधा समेत प्रभावित हुन सक्छ।

मन्त्रालयका प्रवक्ता पिताम्बर घिमिरेका अनुसार हाल करिब १००-१५० जना श्रमिक प्रत्यक्ष समस्यामा छन्।

उनले भने, श्रम स्वीकृति नेपालको आन्तरिक व्यवस्था भएकाले विदेशमा काम गरिरहेकाहरूलाई तत्काल ठूलो असर नपर्ने दाबी गरिएको छ।

तर बिदामा आएर फर्किन खोज्नेहरू भने सबैभन्दा बढी समस्यामा परेका छन्।

परराष्ट्र मन्त्रालय सँग समन्वय गरेर समस्या समाधान गर्ने तयारी भइरहेको मन्त्रालयले जनाएको छ।

हाल उद्धार तथा व्यवस्थापनका लागि अनलाइन पोर्टलमार्फत विवरण संकलन भइरहेको छ भने वैदेशिक रोजगार विभाग 'इमर्जेन्सी रेस्पोन्स टिम' मा सक्रिय छ।

मन्त्रालयले छिट्टै पुनः छलफल गरेर आवश्यक निर्णय लिने तयारी गरिरहेको जनाएको छ।

सुरक्षाको कारण भन्दै लिइएको निर्णयले अहिले धेरै श्रमिकलाई अन्योलमा पारेको छ। छोटो अवधिको रोक भए पनि यसको प्रत्यक्ष असर घर आएका कामदारमा देखिएको छ।

अब सरकारको छिटो निर्णय र सहजीकरणले मात्र उनीहरूको समस्या समाधान हुने अपेक्षा गरिएको छ।

**दोषीलाई कारबाही...**

र सुरक्षित् समाज निर्माणका लागि सम्बन्धित निकाय, नागरिक समाज, पत्रकार तथा सम्पूर्ण सरोकारवालाले गम्भीरतापूर्वक ध्यान दिन पीडित परिवारले माग गरेको छ।

ज्ञापन-पत्र ग्रहण गर्दै मन्त्री अर्यालले घटनाको अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याइने बताए।

उनले मुलुकमा दण्डहीनताको अन्त्य हुनुपर्ने भन्दै कुनैपनि प्रकारका आपराधिक घटना र अवान्छित गतिविधि नियन्त्रण गरी शान्ति सुव्यवस्था कामय गर्न सरकार जिम्मेवारीताका साथ लागि परेको बताए।

गत फागुन २३ गते सुर्खेतको विरेन्द्रनगर-४ सहितदपार्क नजिकै जनजागरण सामुदायिक बनमा १६ वर्षीय बालिका इनिशा विकको बलात्कारपछि हत्या भएको थियो।

# उपसचिव हुँदाहुँदै सुदूरपश्चिमका कृषि र भेटेनरी कार्यालय अधिकृतकै भरमा




धनगढी- सुदूरपश्चिम प्रदेशमा उपसचिवस्तरका कर्मचारीलाई मन्त्रालय र निर्देशनालयमै थन्क्याएर अधिकृतलाई कार्यालय प्रमुखको जिम्मेवारी दिएको पाइएको छ।

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय मातहतका कृषि ज्ञान केन्द्र एवं भेटेनरी तथा पशु सेवा केन्द्रको प्रमुख उपसचिवस्तरको कर्मचारी हुने प्रावधान छ।

उपसचिव (नवौँ तह) का कर्मचारीको सरुवा गर्ने अधिकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई छ। तर मुख्यमन्त्री कार्यालयले कृषि, भेटेनरी, लाइभस्टक एन्ड डेरी समूहका उपसचिव स्तरका कर्मचारीको सट्टा अधिकृतस्तर (छैटौँ र सातौँ तह) लाई कार्यालय प्रमुखको जिम्मेवारी दिएर पठाएको छ।

प्रदेश लोकसेवा आयोगका अनुसार कृषि समूहतर्फ खुला प्रतिस्पर्धा र बढुवा गरेर १८ जना उपसचिव भएका छन्। तर मुख्यमन्त्री कार्यालयले उनीहरूमध्ये केहीलाई मात्र कृषि ज्ञान केन्द्रको जिम्मेवारी दिएको छ भने बाँकीलाई निर्देशनालयमा कामकाज गर्नेगरी खटाएको छ।

कृषि ज्ञान केन्द्र डोटीमा दुर्गादत्त ओझा (सातौँ तह), बैतडीमा हरिदत्त जोशी (छैटौँ तह), बाजुरामा जशराम सहनी (छैटौँ तह) र बझाङमा जनक सिंह (सातौँ तह) लाई निमित्त प्रमुखको जिम्मेवारी दिइएको छ।

कैलाली, कञ्चनपुर, दार्चुला, डडेल्धुरा र अछाममा भने दरबन्दीअनुसार नै उपसचिवलाई नै कृषि ज्ञान केन्द्र प्रमुखको जिम्मेवारी दिइएको छ। अन्यलाई कृषि मन्त्रालय र निर्देशनालयमै कामकाज गर्नेगरी खटाइएको छ।

भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पनि उपसचिवस्तरको कर्मचारी हुँदाहुँदै तल्लो स्तरकै कर्मचारीलाई प्रमुख बनाइएको छ। प्रदेशमा हालै बढुवा तथा खुला प्रतिस्पर्धाबाट भेटेनरी र लाइभस्टक एन्ड डेरी समूहमा ६ जना उपसचिव बनेका छन्।

तर, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले दरबन्दीअनुसार उनीहरूलाई भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पठाएको छैन। बरु कृषि ज्ञान केन्द्र जस्तै उनीहरूको ठाउँमा निमित्तकै भरमा कार्यालय चलाइरहेको छ। भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कैलाली, कञ्चनपुर र डडेलधुरा बाहेकका सबै जिम्मा निमित्तकै भरमा छन्। संगठन संरचनाअनुसार उपसचिवस्तरका कर्मचारीलाई कार्यालय प्रमुखको जिम्मेवारी नदिएर तल्लो तहकालाई दिइएपछि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको भूमिकामाथि प्रश्न उठेको छ। किनभने, भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई आठौँ तहसम्मका कर्मचारी सरुवा गर्ने अधिकार छ भने उपसचिवस्तरका कर्मचारीको सरुवा मुख्यमन्त्री कार्यालयले गर्ने गरेको छ। हालै वरिष्ठ डिभिजनल वन अधिकृत कृष्णदत्त भट्टले मुख्यमन्त्री कमलबहादुर शाहले पाँच लाख घुस मागेको आरोप लगाउँदै नदिएपछि आफ्नो सरुवा गरिएको दाबी गरेका छन्। आर्थिक चलखेलकै कारण कृषि ज्ञान केन्द्र तथा भेटेनरी तथा पशु सेवा केन्द्रमा समेत तल्लो तहको कर्मचारीलाई जिम्मेवारी दिइएको आरोप लाग्न थालेको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय भने यो विषयमा एकअर्कालाई देखाएर पन्छिरहेका छन्। कृषि मन्त्रालयका सचिव शंकर शाहले उपसचिव (नवौँ तह) को कर्मचारी सरुवा तथा पदस्थापन गर्ने अधिकार मन्त्रालयको नभएको बताए।

# संसदमा सेलिब्रेटीहरूको प्रवेश





**काठमाडौं–** नेपाली राजनीतिमा यसपटक फरक रंग देखिएको छ । मनोरञ्जन र मिडिया क्षेत्रबाट चर्चामा आएका केही चर्चित अनुहारहरू अब नीति निर्माणको केन्द्र संसदसम्म पुगेका छन् । तीमध्ये सबैभन्दा चर्चामा छन् बालेन्द्र शाह (बालेन), जसले संगीतदेखि राजनीतिसम्मको यात्रा पार गर्दै नयाँ इतिहास रचेका छन् ।

**बालेन**

हिपहप संगीतबाट उदाएका बालेन अहिले देशको शक्तिशाली राजनीतिक व्यक्तित्वका रूपमा स्थापित भइरहेका छन् । सामाजिक मुद्दा, भ्रष्टाचार र युवाको आवाजलाई गीतमार्फत उठाएका उनले जनताको मन जित्दै काठमाडौं महानगरको मेयर बनेका थिए ।

यसपटकको चुनावमा झापा-५ बाट प्रतिस्पर्धा गर्दै उनले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली लाई फराकिलो मतान्तरले पराजित गरे । अब उनी संसदमा प्रवेशसँगै देशको नेतृत्व तहसम्म पुग्ने सम्भावनाका रूपमा हेरिएका छन् । संगीतकारबाट नेता बनेका बालेनको यात्रा धेरै युवाका लागि प्रेरणाको स्रोत बनेको छ ।

**अनुष्का श्रेष्ठ**

त्यस्तै, अनुष्का श्रेष्ठ पनि संसदमा पुगेकी अर्की चर्चित अनुहार हुन् । 'मिस नेपाल वर्ल्ड २०१९' विजेता अनुष्काले सौन्दर्य प्रतियोगिताबाट सुरु गरेको यात्रा अहिले नीति निर्माणको तहसम्म पुगेको छ । स्पष्ट विचार र नेतृत्व क्षमताका कारण उनी युवापुस्तामाझ लोकप्रिय छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीले उनलाई समानुपातिक प्रणाली अन्तर्गत आदिवासी जनजाति महिला क्लस्टरबाट प्रतिनिधिसभामा पठाएको हो ।

उद्यमशीलतामा पनि सफल अनुष्का 'माकुसी' चकलेट ब्रान्डमार्फत स्वदेशी उत्पादन प्रवर्द्धनमा सक्रिय रहँदै आएकी छन् । संसदमा उनी विशेषगरी महिला सशक्तीकरण र नेपाली उत्पादनको अन्तर्राष्ट्रिय प्रवर्द्धनमा केन्द्रित हुने बताउँछिन् ।

**रीमा विश्वकर्मा**

मिडिया र फिल्म क्षेत्रबाट चिनिएकी रीमा विश्वकर्मा पनि अब संसदको सदस्य बनेकी छन् ।

सञ्चारकर्मबाट करिअर सुरु गरेकी उनले टेलिभिजन, चलचित्र र कार्यक्रम सञ्चालनमा राम्रो पहिचान बनाएकी थिइन् । 'नेपाल आइडल' जस्ता कार्यक्रममार्फत दर्शकमाझ लोकप्रिय बनेकी रीमा अहिले दलित महिला क्लस्टरबाट समानुपातिक सांसद बनेकी हुन् ।

सामाजिक र राजनीतिक विषयमा खुलेर बोल्ने स्वभावका कारण चिनिएकी उनी अब त्यही विषयहरू संसदभित्र उठाउने भूमिकामा पुगेकी छन् ।

सबै कलाकारलाई भने सफलता हात परेन । अभिनेत्री निशा अधिकारी काठमाडौं-५ बाट चुनाव लड्दा पराजित भइन् ।

त्यस्तै, गायिका कोमल वली र गायक प्रकाश सपुत पनि समानुपातिक सूचीमा रहेर पनि अन्तिम चयनमा पर्न सकेनन् ।

यसपटकको निर्वाचनले एउटा स्पष्ट सन्देश दिएको छ–अब नेपाली राजनीतिमा परम्परागत नेताहरू मात्र होइन, कला, संगीत र मिडिया क्षेत्रबाट आएका नयाँ अनुहारहरू पनि निर्णायक भूमिकामा देखा पर्न थालेका छन् ।

बालेन, अनुष्का र रीमाको संसद यात्रा केवल व्यक्तिगत सफलता मात्र होइन, नयाँ पुस्ताको राजनीतिमा प्रवेशको संकेत पनि हो ।

# तुलसी घिमिरे निर्देशित 'पहाड'को टिजर सार्वजनिक



काठमाडौं- तुलसी घिमिरेको निर्देशनमा बनेको फिल्म 'पहाड'को टिजर सार्वजनिक गरिएको छ । आइतबार युट्युबमार्फत सार्वजनिक झण्डै २ मिनेट लामो टिजरले फिल्मको कथावस्तु, परिवेश र चरित्र चित्रणबारे संक्षिप्त झलक प्रस्तुत गरेको छ । पहाडी भूगोलको यथार्थ चित्रणसहित टिजरमा प्रेम, विद्रोह, वैदेशिक रोजगारी र देशप्रेम जस्ता विषयहरू समेटिएका छन् ।

टिजरको पहिलो दृश्यमै पानीको हाहाकार देखाइएको छ भने अर्को एक दृश्यमा महिलाहरूले लास बोकेको देख्न सकिन्छ । यी दुई दृश्यमार्फत निर्देशक घिमिरेले पहाडी भूगोलको पछिल्लो अवस्था र त्यहाँको कठिन जीवनलाई फिल्ममा मुख्य कथावस्तु बनाइएको स्पष्ट संकेत दिएका छन् । नेपालको पहाडी भूगोलदेखि भारतको दिल्लीसम्मका दृश्य टिजरमा समावेश छन् ।

भाग्यरत्न फिल्म्सको ब्यानरमा निर्माण भएको यस फिल्ममा मदनकृष्ण श्रेष्ठ, शिव श्रेष्ठ, स्व। सुनिल थापा, विपिन कार्की, प्रियंका कार्की, रेनुनाथ योगी, अरुण क्षेत्री, भारती घिमिरे, रवीन्द्रसिंह बानियाँ लगायतका कलाकारहरूको अभिनय रहेको छ । निर्देशक घिमिरेकी कान्छी छोरी पञ्चमीले यही फिल्मबाट अभिनेत्रीको रूपमा डेब्यु गरेकी छन् । उत्तम रसाइली प्रस्तुतकर्ता रहेको फिल्ममा सुरेन्द्र लामा थिङ, ओजस्वी केसी, रिम्पोछे लामा थिङ र उमा गिरी निर्मातामा छन् । फिल्ममा प्रमोद प्रधानको छायांकन, भारती घिमिरे र शंकर कोइरालाको सम्पादन, रञ्जित गजमेरको संगीत, कविराज गहतराज र मिङ्मा डिलेप्चाको कोरियोग्राफी तथा कुमार महर्जनको द्वन्द्व निर्देशन रहेको छ । यो फिल्म बैशाख १ गतेबाट प्रदर्शनमा आउँदैछ ।

# विजयले पोखराबाट सुरु गरे 'जिरो डिग्री'को छायांकन

काठमाडौं- अभिनेता विजय बरालको मुख्य भूमिका रहने फिल्म 'जिरो डिग्री'को छायांकन सुरु भएको छ । आइतबार बिहान पोखरा महानगरपालिका-१६ स्थित अर्मलाकोट मन्दिरमा शुभ मुहूर्त गरेसँगै फिल्मको छायांकन थालिएको हो । फिल्मको पहिलो सटमा विजयसहित प्रकाश घिमिरे, राजन भुसाल र शारदा सिलवालले अभिनय गरेका थिए ।

आकाश बराल र साजन काफ्लेको निर्देशनमा बन्ने यस फिल्ममा सनिशा भट्टराई, वसुन्धरा भुसाल, रमेश बुढाथोकी, लोकेन्द्र लेखक, सन्जोग रसाइली, प्रवेश महतरा क्षेत्री, सबिना थापा क्षेत्री, रामबाबु रेग्मी, सुवास गजुरेल लगायतका कलाकारहरूको पनि अभिनय रहनेछ । फिल्ममा निर्देशकद्वय बराल र काफ्ले स्वयंको लेखन छ भने कास्टिङ सन्जोग रसाइलीले गरेका हुन ।



'जिरो डिग्री'को कथावस्तु निकै नौलो र रोचक छ । सडक सञ्जालले नछोएको एक गाउँमा आमाबुवाको निधनपछि विदेशमा रहेका सन्तान नआइपुग्दासम्म शव सुरक्षित राख्न सहरबाट 'डीप फ्रिज' बोकेर गाउँ भित्र्याएपछि उत्पन्न हुने परिस्थितिलाई फिल्ममा प्रस्तुत गरिनेछ । निर्देशक काफ्लेका अनुसार फिल्ममा फ्रिज गाउँसम्म पुर्‍याउने प्रसंग मात्र नभइ लाइट कमेडी कथा पनि रहेको छ ।

मोती कार्की कार्यकारी निर्माता रहेको यस फिल्मलाई निशाल पौडेलले छायांकन गर्दैछन् भने सम्पादन चानस पुन मगर र रंग संयोजन राजेन्द्र मोक्तानले गर्नेछन् । फिल्ममा अङ्कित बाबु अधिकारीको संगीत तथा युवराज काफ्लेको शब्द रचना रहेको छ । फिल्मको पब्लिसिटी डिजाइन रोयल भिमसेन नेतृत्वको ट्राइडेन्ट कन्सेप्टले गर्नेछ ।

# गुण्डुमा खिचियो 'हामी तीन भाइ'को 'झम्के फुली' गीत

काठमाडौं- दाजुभाइबीचको सम्बन्धको कथामा आधारित फिल्म 'हामी तीन भाइ यही चैत १३ गतेबाट प्रदर्शनमा आउँदैछ । फिल्मको प्रदर्शन मिति नजिकिँदै गर्दा शनिबार निर्माण पक्षले भक्तपुरको गुण्डुमा रहेको पलाञ्चोक भगवती मन्दिरमा नयाँ गीत 'झम्के फुलीको छायांकन गरेको छ । लोकलयमा आधारित यो गीत यसै साता सार्वजनिक गरिँदैछ ।

उक्त गीतमा साप शक्ति र अस्मिता अधिकारीको स्वर रहेको छ । संगीत साप शक्ति स्वयंको हो भने शब्द सुवलमणि सापकोटाले लेखेका हुन । गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरू कुशल विष्ट, फलित राई, आश्मा गिरी र जाह्नवी बस्नेतले नृत्य प्रस्तुत गरेका छन् । ग्रामीण परिवेश र रहनसहन झल्काउने शैलीमा भिडियो तयार पारिएको जनाइएको छ ।



मधुसुदन भट्टराईको कथा तथा निर्देशन रहेको यस फिल्ममा विनोद न्यौपाने, लक्ष्मी बर्देवा, राजाराम पौडेल, रविन्द्र झा, बिष्णु सापकोटा, विकास चापागाँइ शुष्मा निरौला, यादव देवकोटा, अन्जु हमाल, तारा शर्मा लगायतका कलाकारहरूको पनि अभिनय देख्न सकिनेछ । प्रसिद्धि सिने आर्ट्सको ब्यानरमा निर्माण भएको फिल्मका निर्माताहरू त्रिरत्न श्रेष्ठ र मनोज श्रेष्ठ हुन ।

साजित महत प्रस्तुतकर्ता रहेको फिल्मको कार्यकारी निर्मातामा विक्रम तामाङ छन् भने सह-निर्माताहरू भक्तलाल श्रेष्ठ, प्रतिमा थापा पोखरेल र दुर्गालक्ष्मी पाण्डे हुन । फिल्ममा शिवम अधिकारीको पटकथा तथा संवाद, शिव ढकालको छायांकन, बनिश शाहको सम्पादन तथा साप शक्ति र बाबुल गिरीको संगीत रहेको छ ।

## शिव श्रेष्ठलाई लिएर फिल्म 'टेम्के' बन्ने

अभिनेता शिव श्रेष्ठलाई मुख्य भूमिकामा लिएर फिल्म 'टेम्केः द डेस्टिनेसन' निर्माण हुने भएको छ । शुक्रबार यो फिल्मको सुन्धारास्थित भन्द्रकाली मन्दिरमा धार्मिक विधिअनुसार स्क्रिप्ट, क्यामेरा र क्ल्याप पूजा गर्दै शुभ मुहूर्त गरियो । उक्त कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले क्ल्याप बजाएर मुहूर्त सटको निर्देशन गरेका थिए ।

आर.डी.एस. नेपालको ब्यानरमा बन्ने यस फिल्मको निर्देशन देवप्रसाद धिमालले गर्नेछन् । यही फिल्मबाट उनले निर्देशनमा डेब्यु गर्न लागेका हुन । धिमाल स्वयं निर्माता रहेको फिल्ममा पंकज सरदार सह-निर्मातामा छन् भने कार्यकारी निर्मातामा सञ्चारकमी भोला सुवेदी (प्रणव), राजनजंग थापा र जित शेरचन रहेका छन् ।

सामाजिक कथावस्तुमा निर्माण हुने यस फिल्ममा शिवसहित अर्जुन थापा, प्रितिका शर्मा, कृष्णप्रसाद धिताल, रिना गुरुङ, सरु कार्की, श्रीदेव भट्टराई, गोकुल सुवेदी, सावित्रा चिलवाल, सृजना बुढा, अभिषेक फुयाँल, रविना दुलाल लगायतका कलाकारहरूको अभिनय रहनेछ । फिल्मको छायांकन नरेश ऐयरले गर्नेछन् भने द्वन्द्व निर्देशनको जिम्मेवारी राजु किराँतले सम्हाल्नेछन् ।

## 'लालीबजार'को 'मायालाई के दिऊँ म बैना' गीतमा सर्वजनिक

काठमाडौं- यम थापाको निर्देशनमा बनेको फिल्म 'लालीबजार'को पहिलो गीत 'मायालाई के दिऊँ म बैना' सार्वजनिक गरिएको छ । लोकलयमा आधारित यस गीतमा दीपिका बयम्बु मगर र खेम सेन्चुरीको स्वर रहेको छ भने संगीत गायक सेन्चुरी स्वयंको हो । शब्द रमेश बिजीले लेखेका हुन । गीतमा मायाको निशानी सुम्पिएको विषयलाई मुख्य रुपमा प्रस्तुत गरिएको छ ।

प्रदीप लामाको कोरियोग्राफी रहेको गीतको भिडियोमा प्रदीपसहित स्वस्तिमा खड्का र बाल कलाकार समाइरा थापाको आकर्षक नृत्य प्रस्तुति देख्न सकिन्छ । फिल्मका मुख्य कलाकारहरू रवीन्द्रसिंह बानियाँ, मुकुन्द श्रेष्ठ र विशाल देवकोटा पनि भिडियोमा देखिएका छन् । भिडियोलाई आकर्षक बनाउन सेट डिजाइन, प्रप्स र कोरसमा ठूलो खर्च गरिएको देखिन्छ ।



आगामी बैशाख १८ गतेबाट प्रदर्शन हुने यस फिल्ममा अभय बराल, आशा पौडेल, गोविन्द सुनार, आभा अर्याल, तारा शर्मा, रमेश बादी, सरस्वती अधिकारी लगायतका कलाकारहरूको पनि अभिनय रहेको छ । यसै फिल्ममार्फत विशाल देवकोटा र प्रशंसा सुवेदीले डेब्यु गरेका छन् । यसमा निर्देशक थापा स्वयंको कथा छ भने संवाद र पटकथा यम र प्रदीप भट्टराईले लेखेका हुन ।

षट्कोण आर्ट्सको ब्यानरमा निर्माण भएको फिल्ममा सुशन प्रजापतीको छायांकन, मित्रदेव गुरुङको सम्पादन, रोहित शाक्य र शैलेश श्रेष्ठको ब्याकग्राउन्ड म्यूजिक तथा प्रकाश सपूत, खेम सेन्चुरी र जयन जे वाइवाको संगीत रहेको छ । फिल्मको कार्यकारी निर्माता प्रदीप भट्टराई हुन भने म्याक्स दीपेश खत्री र रवीन्द्रसिंह बानियाँ निर्मातामा छन् ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.नं. १/०७७/०७८

जन आकाश

WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ३३,
२०८२ साल चैत ३ गते मंगलबार
17 MARCH 2026, TUESDAY

# बालेन नेतृत्वको सरकारसँग दीर्घकालीन नीति चाहन्छन् अटो व्यवसायी

काठमाडौं- प्रतिनिधि सभा निर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टीले करिब दुई तिहाइ बहुमत पाएसँगै निजी क्षेत्र पनि अब राजनीतिक र नीतिगत स्थिरता हुने भन्दै उत्साही बनेको छ।

अटो व्यवसायीले रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहको नेतृत्वमा अब बन्ने नयाँ सरकारबाट स्थिर र दीर्घकालीन नीतिको अपेक्षा गरेका छन्। उनीहरुले अटो क्षेत्रलाई स्पष्ट दिशा दिन कम्तीमा पाँच वर्षको रोडम्याप आवश्यक रहेको बताएका छन्।




हरेक वर्ष करको दर हेरफेर, सवारीसाधन खरिद कर्जामा फेरबदल र एउटै नीति छोटो समयमा पटक-पटक परिवर्तन गरिने समस्याबाट आजित हुँदै आएका व्यवसायी अब नीतिगत स्थिरता हुने विश्वासमा छन्। नेपाल अटोमोबाइल्स इम्पोटर्स एण्ड म्यानुफ्याक्चर्स एसोसिएसन(नाइमा) सदस्य रहेका शारडा ग्रुपका निर्देशक गौरव शारडा अब नीतिगत स्थिरता हुनेमा आशावादी छन्। 'अब पक्कै पनि पोलिसी स्टेबिलिटी हुन्छ। यसअघि एउटाले नीति बनाउने र कार्यान्वयन सुरु नहुँदै अर्को आएर उल्ट्याउने समस्याले हामी आजित थियौं,' शारडाले भने, 'रास्वपाले झण्डै दुई तिहाइ मत ल्याएकाले अब त्यो अन्त्य हुने विश्वास छ।' शारडा ग्रुप निसान तथा ओमोडा एण्ड जेको गाडीको नेपालका लागि आधिकारिक बिक्रेता हो। व्यवसायी शारडा अनुसार अटो क्षेत्र मात्र होइन, कुनै पनि व्यवसाय संचालनका लागि सरकारले कम्तीमा ५ वर्षको स्पष्ट रोडम्याप दिनुपर्ने ठान्छन्।

'हामीले जहिले पनि भनिराखेको कुरा अटो व्यवसायमा मात्रै नभइ, जुनसुकै सानो व्यवसाय गर्न पनि सरकारले कम्तीमा ५ वर्षको रोडम्याप दिनुपर्‍यो। यो पटक रास्वपाले करिब दुई तिहाइ बहुमत पाएकाले ५ वर्षको रोडम्याप आउँछ भन्ने विश्वास छ। यो आवश्यक पनि छ,' निर्देशक शारडाले भने, 'विगतमा राजनीतिक नेतृत्वभन्दा पनि ब्युरोक्रेसीले धेरै कुरा चलाइरहेको जस्तो देखिन्थ्यो। तर अहिले आएका नयाँ अनुहार आफैं नलेजेबल छन्, जसले ब्युरोक्रेसीलाई पनि लिड गर्न सक्छन्।' अटो व्यवसायीहरुको साझा संगठन नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका पूर्वउपाध्यक्ष राजनबाबु श्रेष्ठ पनि बहुमतको सरकार बन्दा नीति स्थिर हुने भएकाले ढुक्क भएर काम गर्न सकिने बताउँछन्। 'अब बन्ने सरकारले ४/५ वर्षका लागि एउटा रोडम्याप तय गर्छ नै। यसमा कुनै शंका छैन,' श्रेष्ठ भन्छन्, 'सरकारले नयाँ नीति ल्याउँदा पनि लङटर्मलाई सोच्छ जसले बिजनेस गर्न सहज वातावरण बन्छ, लगानी गर्नेको कन्फिडेन्स बढाउँछ। हामीले चाहेको त्यही हो।'

श्रेष्ठ टाटा गाडीको आधिकारिक बिक्रेता सिप्रदी ट्रेडिङका प्रमुख कार्यकारी अधिकृत(सीइओ) हुन्। अटो व्यवसायीहरु खासगरी कम मूल्यका गाडीमा करका दर घटाइने विश्वासमा छन्। सिप्रदीका सीइओ श्रेष्ठ कम मूल्यका गाडी दैनिक आवश्यकता जस्तै बनेकाले सरकारले धेरै कर उठाउने सोच राख्न हुँदैन भन्छन्। 'साना कार अहिले कामकाजीहरुका दैनिक आवश्यकता बनिसकेका छन्। त्यसैले लक्जरी गाडीमा मात्र करको दर चलाउनु ठिक हो,' उनले भने, 'करका दरमा केही परिमार्जन गरेर नेपालमै उद्योग लगाउने र ग्रिन च्यानललाई बढी प्रथामिकता दिंदा राम्रो हुन्छ।' राजनीतिक स्थिरताका कारण विदेशी लगानीकर्ता आकर्षित हुने उद्योगी व्यवसायीहरुको बुझाइ छ। अटो व्यवसायी आकाश गोल्छा पनि निर्वाचनको परिणामले आशावादी बनेका छन्।

'निर्वाचनमा एउटै दलको बहुमत आएकाले अब स्थिर सरकार बन्छ। सरकारले जनताको चाहना अनुसार काम गर्छ भन्ने विश्वास छ किनभने रास्वपाले जनताले परिवर्तन चाहेको स्पष्टसँग बुझेको छ,' गोल्छाले भने, 'सरकार अस्थिर हुँदा हामीले धेरै कठिनाइ सामना गर्नंपरेको छ। अब त्यो दोहोरिँदैन भन्ने आशा छ।' गोल्छाले अब बन्ने नयाँ सरकारबाट अहिलेका गलत नीति खारेज गरी अर्थतन्त्रलाई ड्राइभ गर्ने गरी स्थिर नीतिको अपेक्षा गरेका छन्। 'यसअघिका नीति अर्थमन्त्री र बजेटपिच्छे परिवर्तन भए। करका दर अनुमानयोग्य नहुँदा हामीलाई काम गर्न गाह्रो भयो। अब हरेक वर्ष करका दर फेरिँदैन भन्ने विश्वास छ,' गोल्छाले भने, 'सरकारले अटो क्षेत्रलाई बुस्ट गर्ने गरी लङटर्मका लागि नीति बनाउनुपर्छ। बैंकमा थुप्रिएको पैसा बजारमा ल्याउने नीति अवलम्बन गरे अर्थतन्त्रले लय समात्छ।'

हुन्डाई गाडीको आधिकारिक बिक्रेता लक्ष्मी ग्रुपका निर्देशक निराकार श्रेष्ठ रास्वपाले आफ्नो वाचा पत्रमा स्थिर नीति र आर्थिक एजेण्डालाई प्राथमिकतामा राखेका कारण आशावादी छन्। 'स्थिर नीति र आर्थिक एजेन्डालाई प्राथमिकता राखेको रास्वपाले बहुमत पाएको छ। त्यसैले अब उसले वाचापत्र अनुसार काम गर्छ भन्ने विश्वास छ। अटो क्षेत्रमा इलेक्ट्रिकफिकेसन गर्ने एजेन्डा पनि कार्यान्वयन भए राम्रो हुन्छ,' श्रेष्ठले भने, 'कम्तीमा ५ वर्षका लागि नीति बनाउँदा चाहिं बजारको आवश्यकता के हो भनेर स्टेकहोल्डरहरुसँग विस्तृतमा छलफल गरिनुपर्छ। त्यसो भए हामी पनि ढुक्क हुन्छौं।'

श्रेष्ठका अनुसार कारण नेपालमा लगानी भित्र्याउन नीतिगत अस्थिरता मूल कारण हो। 'नेपालमा अहिले भएका एसेम्बल उद्योगलाई पनि ब्याकवार्ड इन्टिग्रेसनमा जान स्ट्रोङ स्थिर नीति आवश्यक छ। हामी लोकलाइजेसनमा जान सहज वातावरण पनि बनोस्,' श्रेष्ठले भने।

चिनियाँ गाडी बीवाइडीको आधिकारिक बिक्रेता साइमेक्स इंकका प्रमुख कार्यकारी निर्देशक(सीइओ) साहिल श्रेष्ठ सरकारले इभीको प्रयोगलाई बढावा दिने गरी नीति बनाउनुपर्नेमा जोड दिए।

'अटोमोबाइल क्षेत्रले विशेषगरी इभीका लागि दीर्घकालीन, स्थिर र व्यवहारिक नीति निर्माण गर्न सरकारसँग आग्रह गर्दै आएको छ। तर बारम्बार नीति परिवर्तन हुँदा हामी लगानीकर्ता सधैं अन्योलमा पर्नंपर्ने अवस्था छ। अब बहुमतको सरकार बन्न लागेकाले विगतको कमजोरी नदोहोरिने र हामीले निर्धक्क भएर लगानी गर्ने वातावरण हुने विश्वास पलाएको छ।'

सवारी दर्ता, नवीकरण लगायत प्रक्रियामा पनि अटो व्यवसाहीहरु सरलीकरण गर्नंपर्ने पक्षमा छन्। यातायात व्यवस्था विभाग र प्रदेशस्तरीय यातायात कार्यालयबीच समन्वय हुन सके प्रक्रिया सहज हुनेछ। नयाँ सरकारले यसमा पनि ध्यान दिने व्यवसायीहरुको विश्वास छ। पेट्रोलियम पदार्थबाट चल्ने सवारीसाधनलाई क्रमशः हटाउँदै इभीतर्फ रुपान्तरण गर्न वैज्ञानिक 'स्क्र्यापेज नीति' लागू गर्नतिर पनि नयाँ सरकारको ध्यान जानुपर्ने साहिलको भनाइ छ। 'पुराना सवारी फेर्दा आर्थिक प्रोत्साहन, कर सहुलियत वा ट्रेड-इन योजना लागू गर्न सकिन्छ,' उनले भने, 'नेपालमा इभीको प्रयोग बढ्दो क्रममा रहेकाले हरित बन्ड, कार्बन क्रेडिट संयन्त्र र जलवायु वित्तीय उपकरण प्रयोग गरी पूर्वाधारमा लगानी बढाउन पनि आवश्यक छ।'

# सीएफमोटोको २५० डुअल ईएफआई मोटरसाइकल नेपालमा लन्च



काठमाडौं । नेपालको लागि सिएफमोटोको आधिकारिक तथा एक मात्र वितरक ऋषि ट्रेड सेन्टरले नेपालमा बहुप्रतिक्षित सिएफमोटो २५० डुअल इएफआई मोटरसाइकल सार्वजनिक गरेको छ।

लन्च कार्यक्रम मार्फत एडभेन्चर शैलीका प्रवेशस्तरका मोटरसाइकलमध्ये निकै प्रतिक्षित मानिएको सीएफमोटो २५० डुअल ईएफआईलाई नेपाली बजारमा ल्याइएको कम्पनीले जनाएको हो।

कम्पनीका प्रतिनिधिहरूले नेपालका विभिन्न प्रकारका सडक र भौगोलिक अवस्थालाई ध्यानमा राखेर तयार गरिएको यो मोटरसाइकलले प्रदर्शन, टिकाउपन र बहुउपयोगिताको सन्तुलन प्रदान गर्ने विश्वास व्यक्त गरेका छन्।

यो मोटरसाइकल सामान्य सडक तथा अफरोड दुवै प्रकारको यात्राका लागि उपयुक्त हुने गरी परम्परागत सीमाभन्दा बाहिर साहसिक यात्रा खोज्ने चालकहरूका लक्षित गरेर तयार गरिएको कम्पनीले जनाएको छ।

यस मोटरसाइकलमा २४९ सीसी क्षमताको एक सिलिन्डर इन्धन इन्जेक्सन प्रणाली भएको इन्जिन जडान गरिएको छ। यसले राम्रो शक्ति र इन्धन दक्षता प्रदान गर्नंका साथै इलेक्ट्रोनिक फ्युल इन्जेक्सन प्रणालीका कारण थ्रोटल प्रतिक्रिया सहज हुने र इन्धन खपत कम हुने कम्पनीको दाबी छ।

मोटरसाइकलमा सहरका सडकदेखि अप्ठेरा बाटोसम्म सहज रूपमा चलाउन सकिने 'डुअल पर्पोज' डिजाइन रहेको छ। २४५ मिलिमिटर ग्राउन्ड क्लियरेन्स भएकाले नेपालका विभिन्न सडक अवस्थाका लागि उपयुक्त मानिएको छ। यसमा डिस्क ब्रेक र उन्नत ब्रेक प्रणाली जडान गरिएको छ, जसले सवारी सुरक्षामा सहयोग पुर्‍याउने बताइएको छ। हल्का तर बलियो फ्रेमका कारण मोटरसाइकललाई चुस्त र टिकाउ बनाइएको कम्पनीको दाबी रहेको छ।

लन्च कार्यक्रममा बाइकरहरूसँग अन्तरक्रिया, सञ्चारकर्मीहरूसँग संवाद तथा मोटरसाइकलको प्रत्यक्ष प्रदर्शन पनि गरिएको थियो। सहभागीहरूले मोटरसाइकलको अवलोकन समेत गरेका थिए।

सीएफमोटोले नेपालमा आफ्नो उत्पादन दायरा विस्तार गर्दै आएको जनाएको छ। नयाँ मोडल सार्वजनिक भएसँगै कम्पनीले अन्तर्राष्ट्रिय स्तरको प्रविधि र आधुनिक डिजाइन भएका मोटरसाइकल नेपाली बजारमा उपलब्ध गराउने आफ्नो प्रतिबद्धता दोहोर्‍याएको छ।

सीएफमोटो २५० डुअल ईएफआईको प्रारम्भिक मूल्य ५ लाख ४९ हजार ९०० रुपैयाँ तोकिएको छ। यो मोटरसाइकल पोलार ह्वाइट, लाइम ग्रीन र टुन्ड्रा ग्रे गरी तीन रङमा उपलब्ध हुनेछ।

सीएफमोटो विश्वभर चिनिएको मोटरसाइकल निर्माता कम्पनी हो। कम्पनीले उच्च प्रदर्शन क्षमताका मोटरसाइकल, कृषि प्रयोजनका चार पांग्रे सवारी तथा पावरस्पोर्ट्स सवारी साधन उत्पादन गर्दै आएको छ। सन् २०२५ को पहिलो तीन त्रैमासिकमा कम्पनीले करिब २ अर्ब १० करोड अमेरिकी डलर बराबरको आम्दानी गरेको जनाएको छ।

# चिनियाँ किटोन भ्यान र चेरी वान्डा बस बिक्रीका लागि शशिला मोटर्स र ओम्नीबीच सम्झौता

काठमाडौं। चिनियाँ ब्रान्डका विद्युतीय कमर्सियल सवारीसाधन किटोन भ्यान र चेरी वान्डा बस नेपालमा बिक्रीका लागि शशिला मोटर्स र ओम्नी (काबरा) ग्रुपबीच सहकार्य भएको छ।

सम्झौताअनुसार अब ओम्नी (काबरा) ग्रुपले यी सवारीसाधन नेपालभर आधिकारिक रुपमा बिक्री वितरण गर्नेछ।

नेपालका अटोमोबाइल क्षेत्रमा स्थापित दुई कम्पनीबीचको यो सहकार्यलाई विद्युतीय कमर्सियल सवारीसाधनको बजार विस्तारका लागि महत्वपूर्ण कदमका रुपमा हेरिएको छ।

कमर्सियल सवारीसाधनको बिक्रीमा विशेष पहिचान बनाएको शशिला मोटर्स विद्युतीय कमर्सियल सवारीसाधनको क्षेत्रमा अग्रणी कम्पनीका रूपमा चिनिन्छ। त्यस्तै ओम्नी (काबरा) ग्रुप पनि व्यवसायिक सवारीसाधनको बिक्रीमा करिब ३५ वर्षदेखि सक्रिय रहँदै आएको कम्पनी हो। यो समूहले भारत बेन्च गाडी बिक्री गर्छ। यी दुई संस्थाबीचको सहकार्यले नेपाली अटोबजारमा विद्युतीय सवारीको पहुँच थप विस्तार हुने अपेक्षा गरिएको छ।



शशिला मोटर्सका प्रबन्ध निर्देशक सन्तोष खतिवडाले नेपालमा विद्युतीय कमर्सियल सवारीसाधनको प्रवर्द्धन र विस्तारका लागि यो साझेदारी महत्वपूर्ण हुने बताए। उनका अनुसार यस सहकार्यले विद्युतीय सवारीसाधनको प्रयोग बढ्ने, देशव्यापी पहुँच विस्तार हुने तथा ग्राहकलाई विश्वसनीय सेवा उपलब्ध गराउन सहयोग पुग्नेछ।

ओम्नी समूहका निर्देशक उदयन काबराले शशिला मोटर्ससँगको सहकार्यबाट बजारको आवश्यकता अनुरूप प्रभावकारी, भरपर्दो र दिगो व्यवसायिक सेवा प्रदान गर्ने बताए। उनले देशभर आफ्नो नेटवर्क विस्तार गर्दै बिक्रीसँगै सर्भिस तथा अन्य सेवासुविधालाई समेत चुस्त र विश्वसनीय बनाइने जानकारी दिए।

बालबालिकालाई लागूऔषध दुरूपयोगबाट बचाऔं।

- लागूऔषध सामाजिक अपराध हो कोही कसैले प्रयोग नगरौं,
- बालबालिकालाई लागूऔषधको प्रयोगबाट टाढा राखौं,
- बालबालिकाको संगतमा ध्यान दियौं,
- लागूऔषधबाट हुने हानि र कानूनी परिणामको बारेमा जानकारी दिऔं,
- बालबालिकासँग नियमित संवाद गर्ने गरौं,
- बालबालिकालाई घरमा माया र समय दिने गरौं,
- विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं,
- बालबालिकाको सकारात्मक गतिविधिलाई प्रोतसाहन गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार